जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बच्न :

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- माटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तीले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २६ •अंक ३५० • २०८२ साल जेठ ३ गते शनिबार (17 May, Saturday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## अस्पताल सञ्चालनमा प्रदेश सरकार पूर्वाग्रही

**टुडे समाचारदाता**

जनकपुरधाम। सत्तारुढ नेपाली कांग्रेसले मधेश प्रदेश सरकारको पूर्वाग्रहीका कारण स्वास्थ्य क्षेत्रको संवेदनशीलतालाई ख्याल नगरेको भन्दै मुख्यमन्त्री र स्वास्थ्य तथा जनसंख्यामन्त्रीको ध्यानाकर्षण गराएका छन्।

जनकपुरधाममा नेपाली कांग्रेस मधेश प्रदेशका संसदीय दलका उपनेता वीरेन्द्र प्रसाद सिंहले मुख्यमन्त्री सतीशकुमार सिंह र स्वास्थ्य तथा जनसंख्या मन्त्री शत्रुधन प्रसाद सिंहलाई ज्ञापन पत्र बुझाउँदै तत्काल अस्पताल सञ्चालनका लागि काम अघि बढाउन माग गर्दै ध्यानाकर्षण गराएका छन्।

महालेखा परीक्षकको कार्यालयले सार्वजकि गरेको प्रतिवेदनमा सर्लाहीको धनकौलस्थित अस्पतालका लागि खरिद गरिएको उपकरणहरु जथाभावी रुपमा लथालिंग अवस्थामा देखिएको भन्दै टिप्पणी गर्दै बेरुजु ठहर गरेपछि कांग्रेसले प्रदेश सरकारको ध्यानाकर्षण गराएको छ।

प्रदेश सरकारले २०८० मंसिर १८ गतेको मन्त्रिपरिषद् बैठकबाट ६ वटा जिल्ला अस्पताललाई १०० शैय्याको बनाउने र ५ वटा ५० शैय्याका नयाँ अस्पताल सञ्चालन गर्ने निर्णय गरे पनि सो निर्णय कार्यान्वयन गर्न पूर्वमन्त्रीसमेत रहेका उपनेता वीरेन्द्र प्रसाद सिंहले माग गरेका छन्। सो निर्णय अनुसार आवश्यक जनशक्तिका लागि अस्थायी दरबन्दी स्वीकृत गरी विज्ञापनमार्फत कर्मचारी छनोट प्रक्रिया समेत पूरा हुँदा पनि अस्पताल सञ्चालनका लागि चासो नदिएको उनले बताए।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको लापरवाही र अस्पताल सञ्चालन नगर्ने नियतका कारण अहिलेसम्म सो अस्पतालहरू सञ्चालनमा आउन नसकेको उनको भनाइ छ। स्वीकृत दरबन्दीअनुसारका कर्मचारीहरू सम्बन्धित अस्पतालहरूमा खटाइनुको सट्टा अन्यत्र पठाइएको तथ्य खुलेको छ।

सो ज्ञापनपत्रमा उपनेता सिंहले, 'दरबन्दीअनुसारको जनशक्ति सम्बन्धित अस्पतालहरूमा खटाई यथाशीघ्र ती अस्पताल सञ्चालन गरिनुपर्छ।' यससाथै उनले मन्त्रालयले देखाएको लापरवाहीको कारण स्वास्थ्य सेवाबाट वञ्चित भएका नागरिकको हकमा गम्भीर अन्याय भएको पनि उल्लेख गरे।

### भूमि सम्बन्धी विधेयक विरुद्ध जसपा नेपाल

# सडक र सदनबाट विरोध गर्ने अध्यक्ष यादवको चेतावनी

**टुडे समाचारदाता**

काठमाण्डु। जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले संसदमा हालै दर्ता गरिएको भूमि सम्बन्धी विधेयकप्रति आपत्ति जनाएका छन्।

'भूमि सम्बन्धी अध्यादेश देश र जनताको हितमै थिएन, त्यसैले हामीले विरोध गरेका थियौं,' अध्यक्ष यादवले शुक्रबार सामाजिक सञ्जाल फेसबुक पेजमा लेखेका छन्।


अध्यक्ष यादवले भूमि सम्बन्धी अध्यादेश जनताको हितमा नरहेको भन्दै विगतमा पनि पार्टीले विरोध गरेको स्मरण गरेका छन्।

'अहिले सरकारद्वारा संसदमा पुनः पेश गरिएको विधेयकमा समेत वन र भू- माफियाको स्वार्थ अनुरूपका प्रावधानहरू यथावत् राखिएको छ' उनले अगाडि लेखेका छन्, सो विधेयक पारित भएमा जसपा नेपाल सडक र सदन दुवै मोर्चाबाट सशक्त विरोधमा उत्रने छन्।

'सरकारले सो विधेयक पारित गरेमा जसपा नेपाल सडक र सदन दुबै मोर्चामा सशक्त विरोध गर्नेछ' अध्यक्ष यादवले चेतावनी दिएका छन्।

'सरकारलाई जनताको हित विपरीत कानुन ल्याउन दिने छैनौ' अध्यक्ष यादवले अगाडि भनेका छन्, जनताको हित विपरीतको विधेयकलाई समर्थन गर्न सकिदैन।

सरकारले यस अघि भूमि सम्बन्धी अध्यादेश संसदमा दर्ता गराएको थियो। तर त्यो अध्यक्ष देश जसपा नेपाल लगायतका मधेश केन्द्रित दलहरुको




विरोधको कारण निष्क्रिय भएको थियो।

सरकारले एकसाथ संसदमा दर्ता गरेको ५ वटा विधेयक मध्ये ४ वटा पास भएपनि भूमि सम्बन्धी अध्यादेश निष्क्रिय गराइएको थियो।

सरकारले भूमी सम्बन्धी अध्यादेशलाई यथावत रुपमा नै भूमि सम्बन्धी विधेयकको रुपमा संसदमा दर्ता गराएको छ। सो अध्यादेशलाई सरकारले पास गराउन अन्तिम सम्म निरन्तर प्रयास गरेका थिए। तर जसपा नेपालको अडानले अध्यादेश पारित हुन सकेन।

यसअघि ल्याइएको भूमिसम्बन्धी अध्यादेश अध्यक्ष यादवकै पार्टीले विरोध गर्दा सरकारले फिर्ता नलिए पनि निष्क्रिय बनाउन सहमत भएको थियो।

जसपा नेपालले भूमि सम्बन्धी अध्यादेशको विरोध गर्दा सत्तारुढ लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)नेपालले पनि समर्थन जनाएको थियो।

संघीय लोकतान्त्रिक मोर्चाको बिहीबार बसेको बैठकमा पनि सरकारले संसदमा दर्ता गरेको भूमि सम्बन्धी विधेयकमा समान धारणा बनाउने निर्णय गरिएको हो।

लोसपा नेपालको कार्यालयमा महन्थ ठाकुरको अध्यक्षतामा बसेको बैठकमा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष सीके राउत, राष्ट्रिय मुक्ति पार्टीका अध्यक्ष राजेन्द्र महतो, जनता प्रगतिशील पार्टीका अध्यक्ष हृदयेश त्रिपाठी, तराई मधेश लोकतान्त्रिक पार्टी(तमलोपा) का अध्यक्ष वृषेशचन्द्र लाललगायतका नेताहरुको सहभागिता थियो।

मोर्चाले संघीय राजधानी केन्द्रित विशाल विरोध प्रदर्शन गर्ने समेत निर्णय गरेको छ। मोर्चाले भूमि सम्बन्धी विधेयक र संविधान संशोधन लगायतका मुद्दालाई विरोध प्रदर्शनमा प्रमुख नारा बनाउने बताइएको छ।

पहिचानवादी दलहरुलाई मोर्चामा समेटेर अगाडि बढने निर्णय गरेका नेताहरुले मधेश आन्दोलनलगायतका अधिकारवादी र पहिचानवादी आन्दोलनको क्रममा सरकारले लगाएको झुठा मुद्दा खारेज गर्नुपर्ने माग पनि अगाडि सारेको छ। सरकारले उनीहरुको मागको सुनवाई नगरे आन्दोलन चर्काउने सम्भावना बढ्दो छ।

हाल सरकारको प्रतिनिधि सभामा भारी बहुमत रहे पनि राष्ट्रिय सभामा बहुमत छैन। तर आगामी असार महिनामा राष्ट्रिय सभाको एक तिहाइ सिट रिक्त हुने र त्यसको चुनाव भए पछि सरकारको त्यहाँ बहुमत पुग्ने निश्चित छ।

त्यसकारण पनि सरकारले भूमि सम्बन्धी अध्यादेशलाई विधेयकको रुपमा दर्ता गराएको छ। राष्ट्रिय सभामा निर्णायक रहेको जसपा नेपालकै कारण अध्यादेश राष्ट्रिय सभामा असफल हुने निश्चित भएपछि सरकार भूमि सम्बन्धी विधेयकलाई निष्क्रिय बनाएको थियो।

तराई-मधेश केन्द्रित दलहरुले भूमि सम्बन्धी विधेयक पारित हुँदा सरकारी जग्गा,जमिन सहित वन, गौचर, शमसान केहि बाँकी नरहने बताएका छन्। भू-माफियाहरुले सम्पूर्ण जग्गाहरु कब्जा गरी तराई मधेशको भू- भागलाई मरुभूमि बनाउने उनीहरुको चिन्ता छ। सरकारले भूमि सम्बन्धी विधेयक संसदमा दर्ता गराए पनि त्यसबारे औपचारिक रुपमा कुनै प्रतिकृया जनाएको छैन।






# सुदूरपश्चिमप्रति केन्द्रीय सत्ताको विभेदपूर्ण व्यवहार छः अध्यक्ष दाहाल




अमरगढी । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले विकास र समृद्धिका हिसाबले सम्भावना बोकेको भए पनि सुदूरपश्चिमप्रति केन्द्रीय सत्ताको विभेदपूर्ण व्यवहार भएको धारणा राख्नुभएको छ ।

प्रेस सेन्टर नेपाल, डडेल्धुराले शुक्रबार यहाँ आयोजना गरेको पत्रकार सम्मेलनमा उहाँले आफ्नो पार्टीले भने सुदूरपश्चिम क्षेत्रलाई सधैँ प्राथमिकतामा राखेको दाबी गर्नुभयो । आफ्नो नेतृत्वमा सरकार हुँदा सुदूरपश्चिम क्षेत्रलाई सधैँ प्राथमिकतामा राखेको अध्यक्ष दाहालको भनाइ थियो ।

उहाँ भन्नुभयो,"विकास र समृद्धिका हिसाबले सम्भावना बोकेको भए पनि सुदूरपश्चिमप्रति केन्द्रीय सत्ताको विभेदपूर्ण व्यवहार छ । हामीले त्यसमा सन्तुलन कायम गर्न खोजेका छौँ । डडेल्धुरा र यहाँका पहाडी जिल्लाबाट भइरहेको बसाइँसराइ रोक्न शिक्षा, स्वास्थ्य, कृषि, जडीबुटी तथा पर्यटन क्षेत्रमैत्री नीति आवश्यक छ । यसका लागि पहल गर्छौं ।"

अध्यक्ष दाहालले देशका दुई प्रमुख भौगोलिक क्षेत्र लक्षित गरेर आफ्नो पार्टीले जागरण अभियान सञ्चालन गरिरहेको जानकारी दिनुभयो । पहिलो चरणमा तराई केन्द्रित हुलाकी राजमार्ग क्षेत्रमा जागरण अभियान सम्पन्न गरी पहाडी क्षेत्रमा मध्यपहाडी लोकमार्ग केन्द्रित अभियान सुरु गरिएको उहाँले जानकारी दिनुभयो । अध्यक्ष दाहालले पहिलो चरणको जागरण अभियान झापाको कचनकवलबाट सुरु गरी महाकालीमा सम्पन्न भएको र दोस्रो चरणको अभियान बैतडीबाट सुरु भएर सोलुखुम्बुमा समापन गरिने जानकारी दिनुभयो ।

पूर्वप्रधानमन्त्री दाहालले वर्तमान सरकार गलत बाटोमा हिँडिरहेको आरोप लगाउँदै सरकारले राम्रो काम गर्नेलाई दण्डित र नराम्रो गर्नेलाई पुरस्कृत गरिरहेको जिकिर गर्नुभयो । उहाँले भन्नुभयो, "सरकार ठीक बाटोमा हिँडिरहेको छैन, यसबाट चिन्तित छौँ । सरकारले आफ्ना मान्छे बचाउने खेल खेलिरहेको छ, यो राम्रो होइन ।" अध्यक्ष दाहालले कांग्रेस–माओवादीबीचको सत्ता समीकरण हल्ला मात्रै भएको स्पष्ट गर्दै वामपन्थी गठबन्धन पनि ८४ सम्म नहुने जिकिर गर्नुभयो ।


कार्यक्रममा वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठ, अग्नि सापकोटा, पम्फा भुसाल, महासचिव देव गुरुङ, सुदूरपश्चिम प्रदेश इन्चार्ज गरिराजमणि पोखरेललगायतको उपस्थिति रहेको थियो ।रासस

# गरुडाका अनाथालय संस्थापक वंशीरामको निधन

टुडे समाचारदाता

रौतहट । रौतहटको मध्यभाग गरुडा बजारस्थित अनाथालयका संस्थापक वंशीराम जैसवालको ९३ वर्षको उमेरमा गएराति निधन भएको छ ।

अनाथालय सञ्चालकसंगै परिसर भित्रै विद्यालय तथा मन्दिरको स्थापना गर्ने व्यक्तित्व वरिष्ठ समाजसेवी जयसवालको निधन भएको छ । विभिन्न रोगबाट लामो समयदेखि ग्रस्त जयसवालको उपचारको क्रममा गरुडास्थित एक निजी अस्पतालमा निधन भएको स्थानीय व्यापारी तथा विगतमा अनाथालय रेखदेख गर्दै आएका



धर्मनाथ जयसवालले बताएका छन् ।

गरुडास्थित २०५२ सालमा उनले आफ्नै नाममा वंशीराम जयसवाल अनाथालयको स्थापना गरेका थिए । गरुडा बजारमा छेउमा उनले आफ्नै जग्गामा अनाथालय स्थापना गरी अनाथ बालबालिकाहरूसँगै बस्दै आएका थिए । अनाथालयका बालबालिकाको पठनपाठनको लागि उनले अनाथालय परिसर भित्रै प्राथमिक विद्यालयको स्थापना गरी संचालन गर्दै आएका थिए । विद्यालय संगै उनले गायत्री माताको मन्दिर निर्माण गरेका थिए । उनी गायत्री माताको उपासक भएर सदैव पहैंलो वस्त्र लगाउने गरेका थिए । हाल करोडौं मूल्यांकन भएको निजी जग्गा उनले अनाथालयको नाउँमा गरेका थिए ।

अनाथालयमा बसेर पढेका दर्जनौं विधार्थी सरकारी सेवामा लाग्नुका साथै कैयौं विद्यार्थी विदेशमा राम्रो काममा लागेका छन् । अनाथालयमा हुर्केकी अध्ययन गरेकी कैयौं बालिकाको उनले आफ्नै खर्चमा बिहेवारी समेत गरेका थिए ।

वंशीराम अनाथालय गरुडामा अहिले २४ जना बालबालिका रहेका छन् ।

समाजसेवी वंशीराम जयसवालको श्रद्धाञ्जलि पछि अनाथालयमा अनाथालयमा नै अन्तिम संस्कार गरिएको छ ।

# 'सगरमाथा संवाद'मा १७५ विदेशी पाहुना काठमाडौँमा

काठमाण्डु । जलवायु परिवर्तन र त्यसले पारेको प्रभावबारे विश्व समुदायलाई जानकारी गराउने तथा समाधानका उपाय खोज्ने उद्देश्यका साथ सरकारले पहिलोपटक आयोजना गरेको 'सगरमाथा संवाद' शुक्रबारदेखि सुरु भएको छ । संवादको प्रमुख नाराका रूपमा 'जलवायु परिवर्तन, पर्वत र मानवताको भविष्य' तय भएको छ । शुक्रबारदेखि सुरु हुने सो कार्यक्रम यही जेठ ४ गतेसम्म सञ्चालन हुने छ ।

परराष्ट्रमन्त्री एवं संवाद व्यवस्थापन समितिका संयोजक डा आरजु राणा देउवाका अनुसार, सो सम्मेलनमा एक सय ७५ विदेशी पाहुनासहित करिब त्यत्तिकै सङ्ख्यामा नेपाली सहभागी हुने छन् । कार्यक्रममा १२ देशबाट उच्च तहको प्रतिनिधिमण्डल सहभागी हुनेछ । चीन, भारतलगायत मुलुकका विशिष्ट पाहुना नेपाल आइसक्नुभएको छभने अन्य मुलुकका विशिष्ट अतिथि आउनेक्रम जारी छ ।

उद्धाटन समारोहमा संवादसम्बन्धी तयार पारिएको एक चिनारीयुक्त श्रव्यदृश्य सामग्री प्रस्तुत गरिने छ । भारत र चीनका तर्फबाट प्रतिनिधिमण्डलको नेतृत्व गरेर आउनुहुने विशिष्ट पाहुना र कोप-२९ का अध्यक्ष तथा अजरबैजानका राष्ट्रपतिका जलवायु विषयसम्बन्धी प्रतिनिधिले सम्बोधन गर्ने कार्यक्रम छ ।

संवादलाई सम्बोधन गरी संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले पठाउनुभएको श्रव्यदृश्य सामग्री पनि प्रस्तुत गरिने छ । उद्धाटनपछि 'प्लेनरी सेसन' आयोजना हुने छ । यस सत्रमा सहभागी सबै राष्ट्र र अन्तरराष्ट्रिय एवं क्षेत्रीय सङ्गठनको प्रस्तुति रहने छ ।



शुक्रबारै छुट्टाछुट्टै विषयका समानान्तर सत्रको सुरुआत हुने छ । सबै सत्र शनिबार ४:३० बजेसम्म सम्पन्न हुने कार्यसूची छ । राजनीतिज्ञ, नीति निर्माता, विद्वान, विज्ञ एवं विषयज्ञाता र अनुसन्धानकर्ताको गहन ढङ्गको छलफल एवं विचार आदानप्रदान तथा विश्लेषणका माध्यमबाट जलवायु परिवर्तन र पर्वतीय समस्या समाधान तथा सम्भावनामा जोड दिइने छ ।

सगरमाथा संवादमा विभिन्न मुलुकका साथै सार्क, बिम्स्टेक, विश्व बैंक, एसियाली विकास बैंकलगायत विकास सहायता संस्था, विश्वविद्यालय, अनुसन्धान तथा सोध केन्द्र, नागरिक समाज, गैरसरकारी संस्थालगायतबाट ६१ विदेशी तथा स्वदेशी सङ्गठन एवं संस्थाले भाग लिने छन् ।

संवाद आयोजनाका लागि प्रधानमन्त्री केपी शर्मा ओलीको संयोजकत्वमा उच्चस्तरीय निर्देशक समिति, परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको संयोजकत्व र वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीको सहसंयोजकत्वमा व्यवस्थापन समिति गठन गरिएको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव राजकुमार श्रेष्ठको संयोजकत्वमा सचिवालय गठन गरिएको छ । संवादमा उच्चस्तरीय उद्धाटन सत्रसहित एक 'प्लेनरी सेसन', समानान्तर सत्र तथा केही साइड इभेन्टहरू पनि हुने तालिका रहेको सचिवालयका सदस्यसचिवसमेत रहनुभएका वन मन्त्रालयका सहसचिव डा महेश्वर ढकालले जानकारी दिनुभयो । तेस्रो तथा अन्तिम दिन विदेशी पाहुनालाई हिमाल देखाउनका लागि पर्वतीय उडानको व्यवस्था मिलाइएको छ भने संवादको काठमाडौँ घोषणा जारी गरिने छ ।

नेपालले संरक्षणमा गरेको आफ्ना असल अभ्यासबारे विश्वलाई जानकारी गराउन र जलवायु सङ्कट समाधानमा विश्वका असल अभ्यास तथा सामाधानका उपाय सिक्नका लागि संवाद उपयोगीसिद्ध हुने बताइएको छ ।

संयुक्त राष्ट्रसङ्घले यो वर्ष २०२५ लाई अन्तरराष्ट्रिय हिमनदी संरक्षण वर्षका रूपमा घोषणा गरेका सन्दर्भमा संवादमा पनि महत्वका साथ हिमालका विषय उठाइनेछन् ।

सगरमाथा संवाद एक बहुसरोकारवाला संवाद मञ्च हो, जुन विश्वव्यापी, क्षेत्रीय र राष्ट्रिय महत्त्वका प्रमुख मुद्दाहरूमाथि विचार-विमर्श गर्न समर्पित छ । यो संवादको नाम विश्वको सर्वोच्च शिखर सगरमाथाको नामबाट राखिएको छ ।रासस

# जलवायु सङ्कट समाधानमा विश्वव्यापी सहकार्यमा जोड

काठमाण्डु । बहुप्रतिक्षित सगरमाथा संवादको उद्धाटन समारोहका विशिष्ट वक्ताहरुले जलवायु सङ्कट समाधानमा विश्वव्यापी सहकार्यमा जोड दिनुभएको छ । शुक्रबारदेखि यहाँ सुरु भएको समारोहमा उहाँहरुले जलवायु परिवर्तनका असरबाट जुध्न एक्लाएक्लै प्रयासले मात्रै सफलता हासिल नहुने उल्लेख गर्नुभयो ।

समारोहमा परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले जलवायु परिवर्तनले मानवताको भाग्यमात्र होइन भविष्य नै खतरामा पार्दै गएको बताउनुभयो । संवादको पहिलो संस्करणको उद्धाटन सत्रमा उहाँले भन्नुभयो, "जलवायु परिवर्तन अब कुनै क्षेत्र र देश विशेषको नभएर विश्वकै समस्या भएको छ, यसले सिङ्गो मानवतालाई नै सङ्कटमा पार्दै गएको छ ।"

सो विश्वव्यापी सङ्कटसँग जुध्नका लागि कुनै पनि देशको आफ्नो एक्लो प्रयास पर्याप्त नभएकाले संयुक्त र सामूहिक प्रयासका साथ अघि बढ्नुपर्ने खाँचो रहेको उहाँले बताउनुभयो । यही सामूहिक प्रयासको सुरुआत सगरमाथा संवाद भएको उल्लेख गर्दै मन्त्री डा राणाले भन्नुभयो 'सगरमाथा संवाद' 'वादे वादे जायते तत्वबोधः' भन्ने आदर्श वाक्यबाट प्रेरित छ । यो आदर्श वाक्यले हामीलाई बहस र संवादको भावनामा र फरक विचार र दृष्टिकोणको आदानप्रदानमार्फत सत्य कुराको खोजी र प्राप्तिका लागि प्रोत्साहित गर्दछ ।



उहाँले संवादले प्रतिविम्ब र आत्मनिरीक्षणका लागि अवसर प्रदान गर्दछ भन्दै यस वर्षको सगरमाथा संवादको विषयवस्तु 'जलवायु परिवर्तन, पहाड र मानवताको भविष्य' रहेकाले यस विषयवस्तुभित्र रहेर अब विश्वले नै जलवायु परिवर्तनका समस्याहरुको पहिचान र तिनको निदानका लागि संयुक्त प्रयास आवश्यक रहेको बताउनुभयो ।

जलवायु परिवर्तनबाट नेपाल र विश्वकै वातावरण हाल जोखिममा रहेको भन्दै मन्त्री डा राणाले इमान्दार संवाद र प्रभावकारी कार्यको अभावले मानवताको भविष्यलाई पनि ठूलो खतरामा पार्नसक्ने भएकाले समयमै सबैले सोच्नुपर्नेमा जोड दिनुभयो ।

उहाँले नेपालले भने यसको सङ्कट सबैभन्दा बढीमात्रामा झेल्नुपरिरहेका दृष्टान्त पेस गर्नुभयो । "हाम्रा नदी, वन र पहाडहरूको संरक्षकका रूपमा हामी कार्यरत छौँ, तर पनि जलवायु परिवर्तनको नकारात्मक प्रभावको भारी र असमान बोझको सामना गर्न हामी बाध्य भएका छौँ", मन्त्री डा राणाले भन्नुभयो, "यो गम्भीर अन्याय हो र यसलाई तुरुन्तै सम्बोधन गरिनुपर्छ, नत्र ढिलो हुनेछ । यसैले आजदेखि आगामी तीन दिनमा हामीले आफैँलाई जलवायु सङ्कटको अस्तित्वगत खतरालाई कसरी सम्बोधन गर्ने, यस पृथ्वी र ब्राह्मणको स्वास्थ्य अवस्थाको पुनःस्थापित गर्ने र यसमा बस्ने मानिसहरूको कल्याण कसरी सुनिश्चित गर्ने भन्ने विषयमा सोध्नेछौँ ।"

मन्त्री डा राणाले नेपालले हालैका वर्षमा विनाशकारी तथा शृङ्खलाबद्ध गम्भीर मौसमी समस्याहरु भोगिरहेको उल्लेख गर्दै बाढी र हिमनदी विस्फोटन, खडेरी, पानीको अभाव र वन डढेलोजस्ता समस्याले देशभर ठूलो क्षति बनाएको बताउनुभयो ।

विश्वले नेपालजस्ता देशहरूको जोखिमलाई स्वीकार गर्नुपर्ने र जलवायु वित्तका लागि सहयोग गर्नुपर्ने भन्दै उहाँले भन्नुभयो, "मलाई आशा छ कि यो मञ्च जलवायु परिवर्तन, क्षेत्रीय तथा अन्तरराष्ट्रिय शान्ति, बसाइँसराइ, खाद्यसुरक्षा, मानवीय सङ्कट र विपद् जोखिमजस्ता समस्याको समाधानमा एक अवसर हुनेछ ।"

त्यस अवसरमा चीनको जनकांग्रेस थाई कमिटीका उपाध्यक्ष सिआओ चीले जलवायु परिवर्तन न्यूनीकरणका लागि चीनले जिम्मेवार ठूला राष्ट्रका रूपमा आफ्नो भूमिका जारी राख्ने बताउनुभयो । "चीन, नेपाल तथा अन्य हिमालयन क्षेत्रका देशहरूसँग मिलेर पारिस्थितिक शासन प्रणाली र समृद्धिमा सुधार ल्याउने, साझा विकास प्रवर्द्धन गर्ने, तथा विभिन्न सभ्यताबाट भविष्यका लागि सिकाइलाई अझ गहन बनाउने उद्देश्यले सहकार्यलाई अगाडि बढाउनुपर्छ । दिगो भविष्य निर्माणका लागि चीन सहकार्य गर्न तयार छ", उहाँले भन्नुभयो, "चीनले आफ्नो जलवायु कार्यहरूमा गति घटाउने छैन, चीनले अन्तरराष्ट्रिय सहकार्यप्रतिको समर्थन कम गर्ने छैन र पृथ्वीमा सबै जीवनको समुदाय निर्माण गर्ने प्रयासहरू रोक्ने छैन । जलवायु परिवर्तनसँग जुध्नु सबै मानवताको साझा उद्देश्य हो ।"

यसैगरी भारतको वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री भूपेन्द्र यादवले पर्वतीय मुलुक र ती मुलुकका बासिन्दाहरुलाई भविष्यमा जटिल वातावरणीय रूपमा समस्या उत्पन्न हुनसक्ने भन्दै पर्वतीय मुलुकहरु एकै ठाउँमा उभिएर जलवायुजन्य सङ्कट समस्याका लागि संयुक्त कार्य गर्नुपर्नेमा जोड दिनुभयो ।

"हरितगृह ग्यास उत्सर्जनमा कटौती गर्ने सन्दर्भमा, समानता र साझा तर फरकफरक जिम्मेवारीको सिद्धान्तमा आधारित भएर र एकअर्काप्रति सम्मानका साथ जलवायु कार्य गर्नुपर्छ", उहाँले भन्नुभयो, "बढी कार्बन उत्सर्जन गर्ने मुलुकहरुले जलवायु वित्त, प्रविधि स्थानान्तरण र क्षमता विकासप्रति तिनीहरूको प्रतिबद्धता गम्भीर रूपमा बेवास्ता गरिएको छ, जसले गर्दा जलवायु सङ्कट अझ चर्किएको छ, यो सङ्कटका लागि उनीहरूको जिम्मेवारी तुलनात्मक रूपमा बढी हुनुपर्छ ।"

यो हाम्रो ज्ञान, वैज्ञानिक विशेषज्ञता, र अनुभवहरू साटासाट गर्ने, साझेदारीको नयाँ प्रवाहहरू निर्माण गर्ने र यी महत्वपूर्ण पारिस्थितिकी प्रणालीहरू यसमा समुदायहरूको सुरक्षा गर्ने अवसर संवादले दिएको उहाँको भनाइ छ ।

यादवले पेरिस सम्झौताअन्तर्गत हाम्रो राष्ट्रिय रूपमा निर्धारित योगदान र राष्ट्रिय जलवायु कार्ययोजना हाम्रो दृढ सङ्कल्पका प्रमाण रहेको बताउनुभयो ।

जलवायु मुद्दामा अजरबैजान गणराज्यको राष्ट्रपतिका प्रतिनिधि तथा २९औँ जलवायु शिखर सम्मेलनका अध्यक्ष मुख्तार बाबायेभले जलवायु परिवर्तनको न्यायका लागि राजनीतिक प्रतिबद्धता जरुरी रहेको बताउनुभएको छ ।


"जलवायु परिवर्तनको असर न्यूनीकरण तथा अनुकूलनका लागि सार्वजनिक रकम परिचालन गर्नुपर्छ, जसले राज्यले भोग्नु परेको अपरिवर्तनीय क्षति र नोक्सानीको विकल्प जुटाउन सहयोग पुऱ्याउनेछ", उहाँले भन्नुभयो, "विभिन्न धनी तथा विकासित राष्ट्रहरूले सन् २०३५ सम्म वार्षिक १ दशमलव ३ ट्रिलियन डलर जुटाउने स्पष्ट खाका प्रस्तुत गरिसकेका छन् । अब हाम्रो ध्यान कार्यान्वयनका लागि जोड दिनुपर्छ । कोप-२९ को अध्यक्षताका हैसियतले दाताहरूले गरेका वाचा पूरा गरुन् भनेर सक्रिय रहिरहनेछौँ ।रासस

# हिमाल जोगाउनु पृथ्वी, महासागर र मानवता जोगाउनु होः प्रधानमन्त्री

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले हिमाल जोगाउनु पृथ्वी, महासागर र स्वयम् मानवता जोगाउनु हो भन्ने यथार्थलाई आत्मसात् गरेर विश्वव्यापी संवादका रूपमा 'सगरमाथा संवाद'को आयोजना गरिएको बताउनुभएको छ ।

नेपाल सरकारद्वारा पहिलोपटक आयोजित सगरमाथा संवादको उद्घाटन सत्रलाई शुक्रबार सम्बोधन गर्दै उहाँले यही यथार्थभित्र इमानदार संवाद र आपसी ज्ञान साटासाट गर्न तथा सामूहिक कदम चाल्न विश्वको सर्वोच्च शिखर सगरमाथाको नामबाट संवादको जन्म भएको उल्लेख गर्नुभयो ।"आशा गर्छौं, यो संवाद–त्यत्तिकै उच्च बनोस् ।

उच्च नैतिक स्पष्टता, दृढ बौद्धिक साहस र सुन्दर भविष्य निर्माणका लागि अटल साझा दृष्टिकोणमा उच्च बनोस्", प्रधानमन्त्री ओलीले भन्नुभयो, "जलवायु परिवर्तनको कारक मानिएका हरितगृह ग्यास उत्सर्जनमा हाम्रो भूमिका न्यून छ तर वातावरण संरक्षणमा हाम्रो योगदान महत्वपूर्ण छ । तथापि हामीले असर भने धेरै भोगिरहेका छौँ । हाम्रा घरबासहरू पहिराले बगाइरहेका छन् । बाढी र खडेरी अकस्मात आउँछ, समस्या गर्छ । यसविरुद्ध हामी डटिरहेका छौँ ।"रासस




## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आफ्ना मान्छेको साथ मिल्नेछ । शिक्षाको क्षेत्रमा प्रगति हुनेछ । |
| वृष : | तपाईको मनमा शान्ति मिल्नेछ । |
| मिथुन : | सञ्चित धन खर्च हुनेछ । खर्च कटौती गर्नु राम्रो हुनेछ । |
| कर्कट : | खराब बोलीले साथी टाढा हुनेछन् । लगानीको तर्फबाट फाइदा हुनेछ । |
| सिंह : | दिन सहज छ । लगानीका क्षेत्रमा उत्साह बढ्नेछ । |
| कन्या : | दिन राम्रो छ । देशको भन्दा विदेशको रमझमले मन तान्नेछ । |
| तुला : | आज तपाईका आफन्त टाढिने जोखिम छ । बोल्दा सचेत बन्नु राम्रो हुनेछ । |
| वृश्चिक : | दिन सहज छ । आफन्तले साथ दिनेछन् । |
| धनु : | दिन राम्रो छ । तपाइको बोलीको प्रभावले महत्वपूर्ण काम बन्नेछ । |
| मकर : | सञ्चित धन खर्च हुनसक्छ । |
| कुम्भ: | शुभग्रहको बहुमत छ । सोचेका काम बन्नेछ । थोरै बोलेर अगाडि बढ्नु फाइदा हुनेछ । |
| मीन : | साथीभाईबाट असहयोग हुनसक्छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पुर्व-पश्चिम राजमार्ग अन्तर्गत सर्लाहीको लालबन्दी नगरपालिकामा पर्ने उष्ण प्रदेशीय बागवानी केन्द्र नवलपुर अगाडी राजमार्ग किनारमा व्यापारीसँग लिची खरिदै गर्दै ग्राहक। *तस्बिर : रासस*

# 'पर्यटन क्षेत्रलाई चलायमान बनाउन राष्ट्रिय ध्वजावाहक सवल हुनुपर्छ'

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मुलुकको कुल गार्हस्थ्य उत्पादनको प्रमुख आधार रहेको पर्यटन क्षेत्रलाई चलायमान बनाउन राष्ट्रिय ध्वजावाहक अपरिहार्य रहेको बताउनुभयो ।

नेपाल वायुसेवा निगमको अन्तरराष्ट्रिय स्टेशनहरूको दुईदिने समीक्षा बैठकमा उहाँले राष्ट्रिय ध्वजावाहकलाई सवल तथा सक्षम बनाउन थप जहाज प्राप्ति र व्यवस्थापकीय सुधार सँगसँगै लैजानुपर्ने धारणा राख्नुभयो ।

पर्यटनमन्त्री पाण्डेले आपतविपद्का समयमा नेपालको हवाई भाडामा हुने अस्वाभाविक कार्टेलिङ रोक्न निगमको हस्तक्षेपकारी उपस्थिति अत्यावश्यक रहेको र सो प्रयोजनका निमित्त पनि



आन्तरिक तथा अन्तरराष्ट्रिय क्षेत्रमा उडान गर्न निगमलाई थप जहाज आवश्यक पर्ने बताउँदै सोका लागि मन्त्रालयस्तरबाट सकारात्मक सहयोग हुने धारणा राख्नुभयो ।

निगमका कार्यकारी अध्यक्ष युवराज अधिकारीले निगमको अन्तरराष्ट्रिय स्टेशनहरूमा खटिएर जाने कर्मचारीहरू निगमको मात्र नभई समग्र देशको समेत प्रतिनिधित्व गर्ने भएकाले इमान्दारितापूर्वक निगम र राष्ट्रको अधिकतम हित हुनेगरी कार्य गर्न आग्रह गर्नुभयो । उहाँले निगममा थप जहाज प्राप्तिका लागि जहाज लिज प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो ।

सातवटै प्रदेश सरकारको सहकार्यमा दुर्गम क्षेत्रमा उडान गर्ने जहाज खरिदका निमित्त पहल भइरहेको तथा गण्डकी प्रदेश सरकारसँग संयुक्त कार्यदल गठन गरी प्रक्रिया अगाडि बढाउने सहमति भएको पनि जानकारी दिनुभयो ।

निगम बजार व्यवस्थापन विभागद्वारा निगमको केन्द्रीय कार्यालयमा आयोजित गोष्ठीमा पर्यटन मन्त्रालयका प्रतिनिधि, निगमको सबै विभागीय र महाशाखा प्रमुख तथा आठ मुलुकबाट दश कन्ट्री म्यानेजर/म्यानेजरलगायतको उपस्थिति थियो ।रासस

# 'आतङ्कवादी आक्रमणमा परेका नेपालीका परिवारलाई सधैँ सहयोग गर्छौं'

काठमाण्डु । नेपालका लागि इजरायलका राजदूत श्मुलिक ए बासले आतङ्कवादी आक्रमणमा परेका नेपालीका परिवारलाई सधैँ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

इजरायलको ७७ औँ स्वतन्त्रता दिवस तथा नेपाल-इजरायल कूटनीतिक सम्बन्ध स्थापनाको ६५ औँ वार्षिकोत्सवका अवसरमा बिहीबार साँझ यहाँ आयोजित स्वागत समारोहमा उहाँले पीडितका परिवारलाई सहयोग छ। नेपालीसहित हमासको आक्रमणबाट पीडित भएका सबैहरूसँग ऐक्यबद्धताका साथ इजरायल उभिएको छ", उहाँले भन्नुभयो । बहुआयमिक नेपाल -इजरायल सम्बन्धबारे चर्चा गर्दै उहाँले नेपालको शिक्षा, कृषि, स्वास्थ्य, पूर्वाधार, जलस्रोत, ग्रामीण विकास र सुरक्षालगायत क्षेत्रमा पारस्परिक सहकार्य हुँदै आएको बताउनुभयो ।

इजरायली राजदूतले चार हजारभन्दा बढी नेपालीले




गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो ।आतङ्कवादी समूह हमासले २०२३ अक्टोबर ७ मा दक्षिणी इजरायलमा आक्रमण गर्दा 'लर्न एण्ड अर्न' कार्यक्रमअन्तर्गत त्यहाँ अध्ययनरत १० जना नेपाली मारिएका थिए । उक्त हमलामा मारिएका नेपाली विद्यार्थीप्रति श्रद्धाञ्जली अर्पण गर्दै राजदूत बासले उनीहरुका परिवारलाई निरन्तर सहयोग हुने बताउनुभयो ।

"इजरायलले आतङ्कवादबाट प्रभावित नेपाली विद्यार्थीका परिवारलाई आर्थिक र नैतिक सहयोग प्रदान गर्दै आएको छ, त्यो निरन्तर रहने इजरायलका कृषि तथा शैक्षिक केन्द्रबाट तालिम लिएका, नेपालको कृषि आधुनिकीकरण र आर्थिक विकासलाई इजरायल सरकारबाट विशेष सहयोग रहेको तथा आगामी दिनमा सूचना तथा सञ्चार र साइबर प्रविधिका क्षेत्रमा बहुपक्षीय सहयोग विस्तार गर्न तत्पर आफ्नो देशको सरकार तत्पर रहेको बताउनुभयो ।

इजरायल सधैँ शान्ति, विकास र मैत्रीको पक्षमा रहेको दोहोऱ्याउँदै राजदूत बासले मध्यपूर्वमा दिगो शान्ति कायम गर्नु आफ्नो मुलुकको एकमात्र लक्ष्य हो भन्नुभयो ।रासस

# जलवायु सङ्कटको न्याय खोजिदैं

काठमाण्डु । तीन वर्षअघि तीन दशकको पर्खाइपछि सञ्चालन भएको मेलम्ची खानेपानी आयोजनालाई बाढीले विनास गरायो । खानेपानी मन्त्रालयका अनुसार रु दुई अर्बभन्दा बढीको क्षति गरायो । अहिले पनि झण्डै आधा वर्ष मेलम्ची बन्द हुने र आधा वर्ष सञ्चालनमा रहेको छ ।

तीन वर्षअघि नै मनसुन सकिएपछि आएको बेमौसमी बाढीका कारण रु आठ अर्ब बराबरको धानखेतीमा क्षति पुगेको कृषि तथा पशुपन्छी विकास मन्त्रालयको तथ्याङ्कमा उल्लेख छ। गत असार २८ गते नारायणगढ-मुग्लिन सडकखण्डअन्तर्गत सिमलतालको सिन्दुरे खोल्सीमा आएको 'डेब्रिज बहाव'का कारणले सडकमा गुडिरहेका दुईवटा यात्रुवाहक बस बगाएको अप्रिय घटना अझै नेपालीको मनमष्तिष्कमा नमिठो सम्झना बनिरहेको छ।

गृह मन्त्रालयको सिमलताल बस दुर्घटना अध्ययन प्रतिवेदनअनुसार काठमाडौँबाट रौतहटको गौरतर्फ जाँदै गरेको बागमती प्रदेश०३-००१ख २४९५ नम्बरको यात्रुवाहक बसमा ३६ र वीरगञ्जबाट काठमाडौँ आइरहेको बागमतीप्रदेश०३-००६ख१५१६नम्बरको एनल डिलक्स लेखिएको यात्रुवाहक बसमा २६ गरी जम्मा यात्रुसंख्या ६२ जना रहेका थिए । जसमध्ये गणपति डिलक्सका तीन यात्री नन्दन दास, जुगेश्वर राय यादव र सरोजकुमार गुप्ता हामफालेर बाँचेका थिएभने बाँकी ५९ जना यात्री बेपत्ता भएका थिए।

पहिरोले बगाउँदा बस त्रिशूली नदीमा खसेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार भीषण वर्षाका कारण सडकमाथिबाट पहिरो खस्दा बस नदीमा खसेका थिए। प्रतिवेदनअनुसार हालसम्म २४ शव फेला पारिए पनि ३५ जना अझै बेपत्ता छन्। मनसुनजन्य विपद्का कारण एकैदिन यति धेरै संख्यामा मानिसले ज्यान गुमाउनुर्यो।

सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिकाको थामेमा अचानक लेदोसहितको बाढी आउँदा कहिल्यै कल्पना नगरेको क्षति भएको खुम्बु पासाङल्हामु गाउँपालिका थामेकी बासिन्दा याङ्जी डोल्मा शेर्पाले बताउनुभयो । "नसोचेको घटना भयो त्यो दिन। दिउँसो भएर धन्न भागेर ज्यान बच्यो । राति भएको भए कति पो क्षति हुन्थ्यो", उहाँले भन्नुभयो, "त्यसपछि कति त गाउँ छाडेर पनि हिँड्नुभयो।"



जल तथा मौसम विज्ञान विभागका अनुसार निरन्तर वर्षा र तापक्रम वृद्धिले सो क्षेत्रमा हिमपहिरो गएका कारण वा अन्य कुनै कारणले थामेखोला जलाधारमा रहेका विभिन्न हिमतालमध्ये कुनै हिमताल विष्फोट भएको अनुमान गरिएको छ।

"प्रारम्भिक अध्ययन गर्दा थामेखोला जलाधारको माथिल्लो तटीय क्षेत्रमा सानाठूला गरी छवटा हिमताल/हिमपोखरी रहेको देखिन्छ। उक्त क्षेत्रको नजिक रहेको फोर्से केन्द्रमा विगत सात दिनमा कुल ६५ मिलीमिटर वर्षा मापन भएको छ। गत साउन २५ गतेदेखि दैनिक औसत तापक्रममा क्रमिक वृद्धी भएको (९ दशमलव ७ बाट ११ दशमलव शून्य डिग्री सेल्सियस) देखिन्छ र साउन ३१ (अगस्ट १५) गतेको अधिकतम तापक्रम १५ दशमलव ९ डिग्री सेल्सियस पुगेको देखिन्छ", विभागको भनाइ छ।

गत असोजको भारी वर्षाले काठमाडौँ उपत्यकालाई नै डुबायो।यहाँका बासिन्दालेनसोचेको विपद् बेहोर्नुपर्यो । काठमाडौँ उपत्यकालगायत मुलुकका अधिकांश स्थानमा भारी वर्षाले ल्याएको विपद्ले पनि अझै तर्साइरहेको छ कयौँलाई । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको तथ्याङ्कानुसार तीन दिनमा दुई सय ५० जानाले ज्यान गुमाए । १८ जना अझै बेपत्ता छन्भने एक सय ७८ जना घाइते भएका छन् । झण्डै छ हजार निजी आवासमा क्षति पुगेको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ।

सहरी विकास मन्त्रालयका अनुसार बाढीपहिरोजस्ता प्राकृतिक विपद्का कारण सहरी विकास मन्त्रालयअन्तर्गत क्षतिग्रस्त पूर्वाधारका संरचना बनाउन करिब रु दुई अर्ब ८८ करोड ३४ लाख लागत लाग्ने भएको छ। स्थानीय पूर्वाधार विभागअन्तर्गत २७ वटा सडकखण्ड तथा २८ वटा झोलुङ्गे पुल आंशिक रूपमा क्षति र ३२ वटा झोलुङ्गे पुल पूर्ण रूपमा क्षति पुगेको छ।

मन्त्रालयमा अनुसार अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिअन्तर्गत बागमती, मनोहरा, धोबीखोला, विष्णुमति, नक्खु, हनुमन्ते, कर्मनासा नदीमा थुपारेको माटो तथा गेग्रान निकाल्ने कार्यका लागि रु १२ करोड ८१ लाख लागत लाग्ने छ । नदी किनारमा अधिकारसम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिबाट निर्माण भएको क्षतिग्रस्त नदी तटबन्धन, पर्खालको पुनर्निर्माण तथा बाटोलगायत अन्य संरचनामा पनि क्षति पुगेको छ । यी संरचना बनाउनका दागि रु ७० करोड अनुमानित लागत लाग्ने मन्त्रालयको भनाइ छ।

यस वर्ष नै सुदूरपश्चिमको दक्षिण-पश्चिमी भागमा पर्ने दोधारा, हनुमान नगर र सुन्दरपुर हालसम्म मापन गरिएको सर्वाधिक वर्षा भयो । जल तथा मौसम विज्ञान विभागको विसं २००३ (सन् १९४७) देखिको उपलब्ध तथ्याङ्कनुसार सर्वाधिक वर्षा मापन भएको थियो। गत वैशाख १ देखि चैत १२ गतेसम्मको तथ्याङ्क हेर्दा पहिरोका कारण तीन सय ५९ जनाले ज्यान गुमाए भने ४८ जाना अझै पनि बेपत्ता र २८७ जाना घाइते भएका छन्। सो अवधिमा तीन हजार ६९२ घर आंशिक र २०१३ घर पूर्ण रूपमा क्षति भएको छ। पहिरोमाा ४० पुलमा क्षति पुगेको छ। यसैगरी बाढीका कारण ९७ जानाको मृत्यु भएको छभने १८ जाना बेपत्ता र ४८ जाना घाइते भएका छन्। भारी वर्षाका कारण आठ जानाले ज्यान गुमएका छन्भने ३८ जाना घाइते भएका छन्। हुरीबतासका कारण सात जानाको मत्यु ४२ जाना घाइते भएका छन् । हिउँपहिराका कारण एक जना बेपत्ता भएका छन् । नेपालले भोगेका जलवायुजन्य घटनाका यी र यस्ता उदाहरण धेरै छन् । आजदेखि नेपालले नेतृत्व गरेको सगरमाथा संवाद आयोजना हुँदै छ। सगरमाथा संवादजस्तो अन्तरराष्ट्रिय मञ्चमा नेपालले जलवायु सङ्कटका उदाहरण प्रस्तुत गरेर जलवायु न्यायका लागि आवाज उठाउने तयारी गरिरहेको छ।

सगरमाथा संवाद सचिवालयका सदस्यसचिवसमेत रहनुभएका मन्त्रालयअन्तर्गत जलवायु व्यवस्थापन महाशाखा प्रमुख डा महेश्वर ढकालले नेपालले भोगिरहेको जलवायुजन्य सङ्कटका विभिन्न उदाहरण प्रस्तुत गर्दै जलवायु न्यायका बारेमा आफ्नो हकअधिकार स्थापित गर्नु संवादको उद्देश्य रहेको बताउनुभयो । "हामी जलवायु परिवर्तनको सबैभन्दा जोखिममा रहेका छौँ । न्यून कार्वन उत्सर्जन गरेर पनि अति संवेदनशील अथवा उच्च जोखिममा नेपाल पर्दछ । धनी तथा औद्योगिक मुलुकले कार्वन उत्सर्जन बढाएर निम्ताएको जलवायुजन्य जोखिमबाट न त नेपालले उचित क्षतिपूर्ति पाउन सक्यो । न हामीले संरक्षण गरेका प्राकृतिक स्रोतको उचित लाभ पायौँ", उहाँले भन्नुभयो, "जलवायुजन्य सङ्कटका प्रमाणका उदाहरण दिएर जलवायु न्यायका लागि संवादमा महत्त्वपूर्ण बहस हुनेछ।"

जलवायुविद् राजु पण्डित क्षेत्रीले सगरमाथा संवादले जलवायु न्यायका लागि अन्तरराष्ट्रिय तथा जलवायु कूटनीतिक सम्बन्ध विस्तार गर्दै विश्व समुदायमा पैरवी अगाडि बढाउन अवसर दिलाउने बताउनुभयो । "जलवायु कार्य गर्न न्यायोचित सङ्क्रमणको पनि भूमिका महत्त्वपूर्ण रहन्छ। नेपालले अन्तरराष्ट्रिय मञ्चमा जलवायुजन्य विपद्का कारण विकासलाई अगाडि बढाउनका सट्टा हाम्रो विकास पछाडि धकलिरहेको छ । तसर्थ हाम्रो विकासलाई अगाडि बढाउन हाम्रो प्रयासले मात्र सम्भव छैन। अन्तरराष्ट्रिय सहयोग चाहिन्छ भनेर आवाज उठाउन सक्नुपर्छ।"

जलवायुविद् मञ्जित ढकालले सगरमाथा संवादले वैज्ञानिक अध्ययनका आधारमा जलवायुजन्य सङ्कटका प्रमाण अन्तरराष्ट्रियस्तरमा पेश गर्ने अवसर दिने र नेपालले जलवायु न्यायका लागि पैरवी अगाडि बढाउने मञ्च रहेको बताउनुभयो। "मेलम्चीको बाढी जलवायु परिवर्तनसँग सम्बन्ध रहेको विज्ञानले देखाएको छ । अनियन्त्रित तरिकाले बढेको तापक्रमका कारण थामेको बाढी आएको र जलवायुजन्य घटना नै भएको अध्ययनले देखाएको छ। यी र यस्ता थुप्रै उदाहरण छन्", उहाँले भन्नुभयो।

वन विज्ञान अध्ययन संस्थान, त्रिभुवन विश्वविद्यालयका प्रा डा राजेशकुमार राईले सगरमाथा संवादले जलवायु परिवर्तनका कारण हिमाली अर्थतन्त्रमा परेको असरलाई अन्तरराष्ट्रियकरण गर्ने अवसर दिने प्रक्रिया दिनुभयो। "जलवायु परिवर्तनले नेपालजस्ता हिमाली देशको अर्थतन्त्रमा गहिरो असर पारिरहेको छ । असामान्य वर्षा, खडेरी, हिमपात र बाढीपहिरोजस्ता घटना बढ्दै गएका छन्, जसले खेतीबाली नष्ट गर्नुका साथै ग्रामीण जनताको जीविकोपार्जनमा प्रतिकूल असर पुर्याएको छ", उहाँले भन्नुभयो ।रासस

# हिमाल मानव जातिका साझा स्रोत हुनः परराष्ट्रमन्त्री

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले हिमालहरु मानव जातिका साझा स्रोत भएका बताउनुभएको छ।

'जलवायु परिवर्तन, हिमाल र मानव जातिको भविष्य' विषयमा पहिलोपटक शुक्रबार यहाँ आयोजित 'सगरमाथा संवाद'को उद्घाटन सत्रमा स्वागत मन्तव्य व्यक्त गर्दै उहाँले हिमाल करोडौं मानिसको ताजा पानीको स्रोत बनेको बताउनुभयो। हिमालयले शुक्रबार जलवायु प्रेरित अवरोधको सबैभन्दा ठूलो भार बोकिरहेको बताउँदै उहाँले हिमनदी जलवायुको असरका कारण पग्लिने क्रम तीव्र रुपमा बढेको उल्लेख गर्नुभयो। यसले गर्दा हिमाली समुदायको दैनिक जीवनमा नकारात्मक प्रभाव परेको उहाँको भनाइ थियो।

"जलवायु प्रेरित प्रकोपहरूले मानव अस्तित्व र जीविकोपार्जनको जगलाई नै हल्लाइरहेको छ" उहाँले भन्नुभयो, "जलवायु परिवर्तनका कारण बाढी र हिमताल विस्फोटले ठूलो विनाश भएको छ। खडेरी डढेलोले मानवलाई अथाह पीडा दिएको छ।"

मन्त्री डा राणाले यो संवाद मनन र आत्मनिरीक्षण गर्ने अवसर प्रदान गर्ने र हिमालदेखि समुद्रसम्म तथा उत्तरीदेखि दक्षिणी गोलार्द्धसम्म जलवायुजन्य विपत्ति रोक्ने प्रयास भएको बताउनुभयो। उहाँले नाजुक हिमाली पारिस्थितिक प्रणाली भएको देश नेपालले जलवायु परिवर्तनको मार खेपिरहेको जानकारी गराउनुभयो । "हाम्रा नदी, वन र हिमालहरूको सचेत संरक्षकको रूपमा, हामीले पृथ्वीको स्वास्थ्यमा आफ्नो क्षमताभन्दा बढी योगदान गरिरहेका छौं। तर, हामी जलवायु परिवर्तनका नकारात्मक असरहरूको भारी र असमान बोझ सामना गर्न बाध्य छौँ", मन्त्री डा राणाले भन्नुभयो।

स्थानीय समुदायहरूले जलवायु परिवर्तनको विरुद्धमा कडा सङ्घर्ष गरिरहेका अविश्वसनीय उदाहरणहरू रहेको बताउँदै उहाँले तिनीहरूको स्थानीय ज्ञान र जीवनको अनुभवलाई पहिचान र महत्त्व दिनु, अनुकूलनशील रहेकामा जोड दिनुभयो। अन्तरराष्ट्रियस्तरमा सरकार, सरोकार




निकाय र नागरिक समाजबीचको सहकार्य बिना हुन नसक्ने उहाँको भनाइ थियो।

नेपालले सन् २०४५ सम्ममा शून्य हरितगृह ग्यास उत्सर्जनको लक्ष्य हासिल गर्न प्रतिबद्धता जनाएको छ। जलविद्युत्, ऊर्जाको स्वच्छ रूप, नेपालको बिजुलीको सबैभन्दा ठूलो स्रोत बनेको छ। नेपालद्वारा अग्रणी प्राकृतिक स्रोत व्यवस्थापन कार्यक्रम, सामुदायिक वनले नेपाललाई आफ्नो वन क्षेत्रलाई उल्लेखनीय रूपमा बढाउन मात्र मद्दत गरेको छैन, तर विश्वभरि सहभागी संरक्षणको मोडेलको रूपमा पनि देखा परेको मन्त्री डा राणाले बताउनुभयो।

"जलवायु परिवर्तन राष्ट्रिय सीमाहरू पार गर्ने विश्वव्यापी सङ्कट हो। जलवायु परिवर्तनले आफ्नो मार्गमा ल्याउने अस्तित्वजन्य सङ्कटमा न्याय र ऐक्यबद्धतामा आधारित विश्वव्यापी गठबन्धनभन्दा कमले कुनै प्रभाव पार्ने आशा गर्न सकिँदैन," उहाँले भन्नुभयो, "त्यसैले, हामी सङ्कटमा परेका देशहरूले सजिलै पहुँच गर्न सक्ने पर्याप्त र प्रभाावकारी क्षति र नोक्सानी कोषको लागि आह्वान गर्दछौँ।"

नेपालजस्ता देशहरूको जोखिमलाई विश्वले स्वीकार गर्नुपर्ने र जलवायु वित्त, अनुकूलन सहयोग र प्रविधि हस्तान्तरणको प्रावधानमार्फत लक्षित न्यूनीकरण र अनुकूलन रणनीतिहरूलाई समर्थन गर्नुपर्ने उहाँको भनाइ थियो ।रासस

# साउदीमा कामविहीन भएका नेपाली कामदारलाई स्वदेश फर्काउने पहल सुरू

काठमाण्डु । नेपाली राजदूतावास साउदी अरेबियाले स्थानीय जुबेलस्थित सेन्दान इन्टरेनसनल कम्पनीमा कामविहीन भएका नेपाली कामदारलाई स्वदेश फर्काउनका लागि आवश्यक पहल थालेको छ।

रोजगारदाता कम्पनी टाट पल्टिने अवस्थामा पुगी कामविहीन भएका चार सय ६९ नेपाली नागरिकमध्ये केहीले तलबभत्ता उपलब्ध गराउन र नेपाल फिर्ता तथा अन्य कम्पनीमा स्थानान्तरणका लागि पहल गरिदिन अनुरोध गरेका थिए । कामदारको अनुरोधपछि राजदूतावासलेसमस्यासमाधानका लागि निरन्तर कूटनीतिक पहल गरिरहेको जनाएको छ।

नेपाल फर्कन चाहनेको हकमा बहिर्गमन भिसाका लागि साउदी सरकारको सम्बन्धित श्रम कार्यालयलाई आवश्यक कागजातसमेत पठाइसकिएको नेपाली दूतावासले जनाएको छ ।साउदी अरबबाट नेपाल जान इच्छुक नेपाली श्रमिकलाई र विशेषगरी सेन्दान इन्टरनेसनल कम्पनीमा कार्यरतलाई यथाशक्य बहिर्गमन भिसा जारी गरिदिन अनुरोध गर्दै आवश्यक पहल गरिसकिएको दूतावासले जनाएको छ।

नेपाल फर्कन चाहनेको हकमा बाँकी सेवा सुविधा प्राप्त गर्ने कानुनी आधार पूरा गरी फर्काउने तथा साउदी अरबका अन्य कम्पनीमा स्थानान्तरण भई रोजगार गर्न चाहनेका लागि आवश्यक प्रक्रियालाई सहजीकरण गर्न साउदी सरकारको श्रम मन्त्रालय र सम्बन्धित अन्य निकायहरूमा भएका वार्ता तथा छलफल सकारात्मक रूपमा अगाडि बढेको छ।

समस्यामा परेका नेपाली नागरिकलाई धैर्यताका साथ रहन तथा खाना, आवास र स्वास्थ्यसम्बन्धी समस्या परेमा राजदूतावासमा सम्पर्क गर्न भनिएको छ ।रासस

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। आमा ।।

आकाश जस्तो विशाल हृदय,
पृथ्वी जस्तो सहनशील तिमी, हौ आमा।
न्यानो काखमा माया पोख्ने,
नबोली नै भावना बुझ्ने,
तिमी बिना यो संसार, अधुरो लाग्ने आमा।
भातभन्दा मिठो तिम्रो माया,
शब्दभन्दा गहिरो तिम्रो छाया।
आफ्नो सपना बेचेर हामीलाई सपना देखाउने,
सधैं पछि परेर हामीलाई अघि बढाउने।
हाम्रो भाग्य लेख्न जान्ने हात तिमी,
सपना बोकेर स्वप्न दिन चाहने मन तिमी।
सधैं माया दिँदै, चुपचाप बलिदान गर्ने,
धर्मको रुप, साक्षात देवी हौ तिमी – आमा।



नामः रमेश पासमान
गाउः एकराहि (धनुषा नेपाल)

## ।। बिमारी ।।

आकाश माथि धर्ती तल
जन्म दिने महिला बिउ दिने पुरुष
समग्रमा यो धरातलमा उत्पन्न छ अनेकौं जीवजन्तु
परिवारको बनोट समाजको निर्माण
सब यही धरातलमा देश देश बीच मैत्रीपूर्ण सम्बन्ध
हामी जनता देशको समग्र घरघर एक परिवार
परिवार मिली बन्या समाज अनि टोल मोहल्ला खानपान तथा
रहनसहन मेहनत परिश्रम मस्तिष्क झन्झाबाट उबज बिमारी
बिमारीको इलाज अप्राविधिक जडीबुटीदेखि अंग्रेजी औषधिबाट
समेत हुन्छ
जीवनको विराम र बिमारीको सुरुवात खानपानबाट नै हुन्छ
कसैले चोट पुर्याउँदा हामीले असहज महसुस गर्छौ
बिमारीमा पनि सुहाउँदो बात गर्दा हामी सहज महसुस गर्छौ
बिमारी को इलाज डाक्टरी बैधको जाँचबाट हुन्छ
सुखको आभास तर प्रेरणादायी विचार विमर्श गर्नाले नै हुन्छ
बिमारीमा भगवानको याद आउँछ एकअर्काको सहयोगको
अपेक्षा हुन्छ
जीवन नाशवान छ यो कटु सत्य हो तर विचार र कर्मको चर्चा
सदैव हुने हुन्छ
धरतीमा एक्लै पधारिन्छ तर जीवन यापन सबैसँग मिलिजुली
गर्नुपर्छ
आफ्नो पहिचान बनाउन सिप र शिक्षा दुवै बटुल्नुपर्छ
कोही गरिबबाट पनि धनी बन्या छ
कोही धनीबाट पनि गरिब बन्या छ
सेवा भावले तर सबैलाई तत्पर रहनुपर्छ
किसानले परिश्रम गर्छ खेतमा
शिक्षितले परिश्रम गर्छ आफ्नो अर्जेको सिपमूलक पेशामा
पैसाले एकअर्कालाई झुक्याउँछ तर
मायाले एकअर्कालाई सन्तुल्य तुल्याउँछ
लासमा पनि ज्यान आउन सक्छ तर उसमा हुनुपर्छ श्वास रहन्जेल
सम्ममा आत्मिक मनोबल मजबुत र एकाग्रता
स्वर्ग र नर्क यही नै छ आफैले सहजै रोज्नुपर्छ बाँच्नलाई



प्रमोद राम
जनकपुरधाम ९

## "अधूरा प्रीत"

सपना सन भेटलहुँ अहाँ,
शीतल छाँह जे गरमी में आना।
अन्हार राति में एकटा तारा,
मन मोन भए गेल दीवाना।

नयनक भाषा, मौनक कथा,
कखनो कहब ने सकलहुँ हैठा।
अहाँ हँसलहुँ, दिल धड़कलक,
नामो बिना ने कहल सप्पा।

सजायल रही मनक एक गप्प,
जहिया बस अहाँ रही अपन रूप में।
हम रही दूर एक छाँह सन,
अहाँ रहलहुँ उ झिलमिल धूप में।

ने कहि सकलहुँ ने सुनि सकलहुँ,
बाति रहल हृदय के भीतर।
एकटा चुप्पी, एकटा पीरा,
जे रहल हमरा संग प्रतीक्षार।

आजो मोन पड़ैत अछि अहाँ,
नयन भीजल अछि गुमान में।
प्रेम अधूरा, सत्य मुदा,
लिखल अछि उ कहानी जान में।



नाम : रोहित महतो
ठेगाना : बटेश्वर-३

## ।। आज र भोली को कल युग ।।

आजको युग छ, तेजको सागर,
तर आत्मा खोज्दछ शान्तिको किनार।
छुन्छौं गगन, छोएको छ चन्द्रमा,
तर मन त डुबेको छ एक्लोपनमा।
सूचना वर्षा झैं झरिरहेछ,
तर मुटुको भाषा हराइरहेछ।
सञ्जालमा छन् हजारौं अनुहार,
तर आँखामा छैन पहिलाको प्यार।
शब्दहरू छिटा छन्, संवाद छैन,
दुःख त पोखिन्छ, तर सान्त्वना छैन।
इमोजीले भावना देखाउँछ भन्छौं,
तर मुटु को स्पर्श अझै खोज्छौं।
छोटो छ बाटो, गन्तव्य छ टाढा,
देखिन्छ प्रकाश, तर अन्धकार काढा।
सबै कुरा छ, तर केही छैन,
बाहिर हाँसो, भित्र रोइरहेछ हरेक चेहेरा।
बुवा-आमाको समय छैन सन्तानसँग,
शिक्षक छन्, तर सम्बन्ध छैन ज्ञानसँग।
प्रविधि छ, विज्ञान छ,
तर मूल्य र आत्मा अझै कहाँ छन्?
युग परिवर्तन हो, यो स्वाभाविक कुरा,
तर मान्छे बदलिँदा हराउँछ पुराना पुरा।
यदि यो युगमा मन नबुझ्यौं भने,
मेसिनहरू भन्दा तल झरिन्छ सधैं।
जसले सुन्छ आत्माको बोली,
त्यही हो आजको युगको असली गोली।
टेक्नोलोजी सँगै मानवता जिउनुपर्छ,
नत्र यो युग केवल खालि आकृति बन्छ।



कविता लेखकः- नबिन श्रेष्ठ
हाल अध्ययन शिक्षणः- बि.एड स्नातक चौथो बर्ष
ठेगानाः- सीतापुर खोरिया, भुचक्रपुर - बटेश्वर-१
अध्यनरत हाल कलेजः- बर्दिबास जनता बहुमुखी क्याम्पस बर्दिबास-१, महोत्तरी

## ।। आकाङ्क्षा ।।

आमा, अहिल्यै! म हार मान्लिउ कसरी ।
कमजोर हुँ यो मिथ्या! ठानलिउ कसरी ॥
एकदिन बनेर देखाउछु नै मूल उदाहरण ।
समाजले निहार्छन् सम्झेर स्वच्छ दर्पण ॥
जसले परिस्थिति हेरेर गरिरहेको छ घृणा ।
एकदिन उसले पाउछ मबाट सही प्रेरणा ॥
कसैबाट माग्दिनँ म रतिभर दयाको भिक्षा ।
एक्लै लडि जीत छु आमा गर्नुस् प्रतीक्षा ॥
स्वार्थी संसार सारा चरित्रको पात्र दोहोरो ।
मेरो ईश्वरसँगै लाम्छ सम्बन्ध सुत्र गहिरो ॥
सत्यको पथ बढाउछु आफ्नो कर्मको रथ ।
मानवलाई बताउछु मानवताको शब्दार्थ ॥
चिन्ता नगर्नुस् आमा राख्नुस् धैर्य विश्वास ।
आज घर छ अँध्यारो भोली हुनेछ प्रकाश ॥
बुवाको घाउ भर्छु हजुरको खाली आँचल ।
गगनबाट टिपेर सुरज, चाँद, तारा, बादल ॥
मोह मायामा जीवन चाहदिनँ म गर्न व्यर्थ ।
विघ्नबाधाको युद्धमा चाहन्छु हुन समर्थ ॥
मन गर्दैन मेरो अहिले छोडी पढाइलेखाइ ।
लक्ष्यपथलाई बिर्सेर भाग्ने विदेश कमाइ ॥
धुलोझैं धन पछाडि दौड्मा छ तनाव द्वन्द्व ।
कला, साहित्य, संगीतमा मेरो परमानन्द ॥
मिल्ने मन छ मेरो आफ्नै देशको माटीमा ।
चन्द्र सुर्य ध्वजा अँगालि गर्वले छातीमा ॥
महल नभएपनि मिल्छ झुपडीमा आराम ।
धन भन्दा बढी म कमाउन चाहन्छु नाम ॥
म नरहेपनि सदैव अमर रहोस् मेरो काम ।
मेरो कामबाट भनोस् संसार मलाई राम ॥



लेखकः राम मण्डल
ठेगानाः लक्ष्मीनियाँ गा.पा.-१,सिनुरजोडा
धनुषा, नेपाल ।

## भाषण हैन बिकास देउ!

भिक्षा मागे छु हजुर कहाँ
रकम हैन हामीलाई बिकास देउ
कति रोए छ हाम्रो मातृभुमी
भाषण हैन हामीलाई बिकास देउ....२
मरुभूमि जस्तै देखीन्छ यता
लागने रुख लगाई देउ
उरेर गयो मनका तृष्णा
रकम हैन हामीलाई बिकास देउ....२
लेख्दै छु पन्ति बिबस भएर
आखिर बिबस्ताको मरम बुझीदेउ
हंसाउने तपाई रुवाउने तपाई
जनताको मरम बुझी देउ...२



शब्दः- बिरेन्द्र कु. मण्डल उर्फ बिबस
ठेगानः- हंसपुर ०८ भतही
पेशाः- शिक्षक (मुखियापट्टी मुसहरनिया)

## ।। मानव हो मानव जस्तो बेहवार गर ।।

तिमीले दिएका चोट
कहिले भुल्न सक्दिन
तिमीले दिएका वाचाहरु
कहिले भुल्न सक्दिन
विश्वास दिएर विश्वास घात
गरेको तिमीले म कदापी
भुल्न सक्दिन
मेरो नजरमा सदाको लागि
गयो गयो तर ति समाजको
नजरमा पनि तिमी सदाको लागि
गैसकेछौ
तिमी यो धर्तीमा के लिएर आयो
र के लिएर जाने हो दुई दिनको
जिन्दगीमा किन यसतो बैमानी
सैतानी गर्छस त
तिमी ले घटिया बचन दिएर
ठगेको धन संपत्ति टिकदैन
मानव हो मानव जसतो बेहवार गर
दानव जस्तो होइ न



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर
हाल सात समुद्र पार दोहा कतार

## ।। उदाएको उदय ।।

जसरी विहानमा सुर्य उदाँउछ सबैलाई धुप दिएर साँझमा
अस्ताउछ
त्यस्तै लक्ष्मीनियाँ गा.पा मा २०७९ बाट उदाएको एउटा युवा
उदय हो
प्रत्येक युवा सँग मिलने युवाको कुरा बुझ्ने सबैलाई होसलादिने
युवा विकासको लागि खेलमा बढी ध्यान दिने
जसरी मानव विकासको लागि शिक्षाको आवश्यक पर्दछ
त्यस्त युवा विकासको लागि खेलको अति आवश्यक छ
प्रत्येक युवाले खेल बाट आफ्नो पहिचान पाएको छ
उदाएको उदय ले युवाहरुको खेल प्रति आफै उत्साहित हुन्छ
पालिकाको युवा प्रति पनि हर्ष हुलासका साथ सहयोग मा
लागेको हुन्छ
युवाको लागि उदय एउटा उत्पेरणा हो
युवाको सहयोग भवनमा बढी साथ दिन्छ
धेरै ठाउँबाट खेलमा सहभागी भएर जीत आफ्नो हाथ पारेको छ
खेल जीते पछि खेलाडीहरुले भने यो जीत उदय दाइ को हो



नाम :- निरज कुमार यादव
ठेगान :- जनकपुरधाम - ९

## ।। मिथ्या ।।

नफरत के किताब मे
प्रेम के परिभाषा कहाँ मिलत ।
मिथ्या के संसार मे
सत्य के दिलाशा कहाँ मिलत ॥
ज्ञान मे छुपल अहंकार
स्वयं कहाबे महाज्ञानी ।
निर्दयक विष पियल मुहार सँ
सुनाबे मधुर रस वाणी ॥
जरुरत काल हज मित्र
सखा बन्धु संग कहाबैय ।
बात मुद्दा के आबैय त
अपन सही रूपरंग देखाबैय ॥
निच पापी दैत्य दानव
घर घर मे वास करैय ।
वन वन भट्कै दुर्लभ 'मानव'
प्रेम के तलाश करैय ॥



लेखक :- लक्ष्मण 'मानव'
ठेगाना :- लक्ष्मीनियाँ गा. पा.- १ . सिनुरजोडा
धनुषा ( नेपाल )

## ।।डुब्दै गएको देश।।

देश मेरो सपना थियो, साँचो उज्यालो,
आजभोलि झुटको बजारमा भयो बेहालो।
नेताहरू कुर्सीमा, जनताको पीडा बिर्सिए,
सत्ताको दलदलमा देश डुब्दै गयो हेरिए।
भोट माग्दा मिठा कुरा, विकासका गीत,
तर पूरा त सपना पनि भएनन् सचित्रा।
जनताको आँसु, भोक, र बेरोजगारी,
कसैले सुन्ने हैन, सबको छ आत्म-सुख सवारी।
देशको माया त जनतामा छ अझै,
नेताहरूको लोभले मात्र बिग्रिएको हो भने।
तर यो माटो, यो रगत, यो सास,
अझै पनि छ सम्भावना, उठाउने आवाज।
देशलाई माया गरौं, परिवर्तन ल्याऔं,
नेता हैन, आफैंबाट शुरु गरौं, जागरूक बनौं।
देश डुब्दै छ भन्ने छैन, बचाउने हिम्मत गरौं,
साँचो देशप्रेमी भएर नयाँ बिहानको पर्खाइ गरौं।



लेखक दिलीप कुमार दास
ठेगाना धनुषाधाम -४ लक्ष्मीपुर

# वर्षको पहिलो हिट फिल्म बन्ने बाटोमा 'ऊनको स्वीटर'





काठमाण्डु । गत फागुनमा प्रदर्शन भएको 'अञ्जिला'पछि शिथिल बनेको घरेलु बक्स अफिस अघिल्लो हप्ता (बैशाख २६ गते) प्रदर्शनमा आएको नवीन चौहान निर्देशित फिल्म 'ऊनको स्वीटर'ले चलायमान बनाएको छ । सन्तोषजनक ओपनिङ गरेको फिल्मलाई दोस्रो हप्ताको सम्मुखसम्म दर्शकको उच्च साथ मिलेको छ । कामकाजी दिनमा समेत फिल्मको देशव्यापी अकुपेन्सी उत्साहजनक देखिएको छ ।

बुधबार प्रदर्शनयता एकैदिनमा सबैभन्दा धेरै दर्शकले फिल्म हेरेको वितरक गोविन्द शाहीले दाबी गरेका छन् । उक्त दिन आधा मूल्यमा टिकट पाइने भएकाले पनि फिल्मलाई उपलब्ध लगभग ६० प्रतिशत हाउसफुल भएका थिए । पूर्वका धरान, इटहरी, विराटनगर जस्ता सहरका हलमा टिकट नै हाहाकार भएको थियो । बिहीबार पनि फिल्मको देशभर राम्रो अकुपेन्सी देखिएको छ ।

'ऊनको स्वीटर'प्रति दर्शकको आकर्षण हेर्दा यो नै यस वर्षको पहिलो हिट फिल्म बन्ने देखिन्छ । यद्यपि, यसका लागि फिल्मले अझै हलमा लामो यात्रा गर्नुपर्नेछ । किनकि, फिल्मको लगानी उठ्न मात्र ६ करोडमाथिको व्यापार आवश्यक छ । बुधबारसम्म फिल्मले ३ करोडमाथि कमाएको जनाइएको छ । पहिलो हप्ताजस्तै व्यापारिक रफ्तार रहेमा अब ३ करोड जोड्न फिल्मलाई मुस्किल छैन ।

फिल्मले उत्साहप्रद व्यापार गरेपछि अब फिल्मको टिमले दोस्रो हप्ताबाट देशव्यापी भ्रमण सुरु गर्ने भएको छ । निर्देशक चौहानका अनुसार दमौलीबाट सुरु हुने भ्रमण पोखरा, चितवन, बुटवल, दाङ, नेपालगन्ज, धनगढी, दमक, धरान, विराटनगर र इटहरीसम्म पुग्नेछ । भ्रमणमा उनीसहित कलाकारहरू विपिन कार्की, परीक्षा लिम्बू, एलेक्स पारस र गायक सुजन चापागाईं सहभागी हुनेछन् । फिल्मीखबर

# जलवायु परिवर्तनका कारण खाद्य सुरक्षामा चुनौती




काठमाण्डु । सरोकारवाला विज्ञहरूले जलवायु परिवर्तनका कारण खाद्य सुरक्षामा चुनौती बढेको भन्दै चिन्ता व्यक्त गर्नुभएको छ । शुक्रबारदेखि सुरू भएको बहुप्रतिक्षित सगरमाथा संवादको तेस्रो समानान्तर सत्रअन्तर्गत खाद्य सुरक्षा र जलवायु प्रतिरोधी कृषि विषयक सत्रमा उहाँहरूले खाद्य सुरक्षामा देखिएको समस्या विकराल बन्न सक्ने बताउनुभयो ।

अन्तरराष्ट्रिय जल व्यवस्थापन संस्थानका कार्यकारी निर्देशक डा मार्क स्मिथले यतिबेला विश्व पानीको सङ्कटको गम्भीर स्थितिसँग जुधिरहेको, मानव इतिहासमै पहिलोपटक जलचक्र असन्तुलनमा परेको र जसले आगामी पुस्ताका लागि दिगोपनामा मात्र नभई समानतामा पनि खतरा निम्त्याएको बताउनुभयो ।

उहाँले भन्नुभयो, “यो मुख्य रूपमा जलवायु परिवर्तनसँग सम्बन्धित छ, तर त्यसका साथै विश्वव्यापी तथा महादेशीयस्तरमा भूमि परिवर्तन र पारिस्थितिकीय प्रणालीको विनास पनि यसका कारण हुन् । वैज्ञानिकहरूले यसलाई मानव जातिका लागि खतरा मानेका छन् ।”भोकमरी, गरिबी, बहिष्करण, पारिस्थितिकीय सङ्कट, जलवायु परिवर्तन र भविष्यको जल तथा मौसमको जोखिमप्रति गहिरो अनिश्चितताजस्ता पहाडी क्षेत्रका जलवायुजन्य समस्या रहेको उहाँले भन्नुभयो ।

नेपाल र भूटानका लागि खाद्य तथा कृषि सङ्गठन (एफएओका) देशीय प्रतिनिधि केन शिमिजुले जलवायु परिवर्तनको असरका कारण विभिन्न सामाजिक-आर्थिक चुनौती देखापरेको बताउनुभयो । उहाँले भन्नुभयो, “जलवायुजन्य चुनौती सामना गर्न आवश्यक वित्त, प्रविधि र समर्थनसम्म पहुँच सहज बनाउन पनि कठिनाइ हुन्छ ।”पूर्वसचिव गणेशराज जोशीले जलवायु परिवर्ननको असरका कारण खाद्य सुरक्षामा चुनौती पैदा गरेको भन्दै ती समस्या समाधानका लागि कृषि क्षेत्रमा जलवायु अनुकूलनका कार्यक्रमलाई सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो ।

जलवायु परिवर्तन र दिगोपनाका लागि कतारका विशेषदूत तथा ग्लोबल ड्रायल्याण्ड एलायन्सका कार्यकारी निर्देशक बदर ओमार अल दफाले सुक्खा क्षेत्र भएका देशहरूलाई खाद्य सुरक्षामा लैजानुपर्ने र विश्वमा स्थायित्व तथा शान्तिमा योगदान गर्नुपर्नेमा जोड दिनुभयो । राष्ट्रिय योजना आयोगका पूर्वसदस्य डा उषा झाले समयमा नै सचेत नभए भविष्यमा खाद्य सुरक्षामा चुनौती थपिने र भोकमरी तथा गरिबीको समस्या बढ्ने बताउनुभयो ।रासस

# परिकल्पनाको आठ वर्षपछि साकार भएको विश्व मञ्च




काठमाण्डु । “हाम्रा घरबासहरू पहिरोहरूले बगाइरहेका छन् । बाढी र खडेरी अकस्मात आउँछन् तर अझै, हामी डटिरहेका छौँ । हाम्रा उत्सर्जनहरू न्यून छ तर वातावरण संरक्षणमा हाम्रा योगदानहरू महत्त्वपूर्ण छन् ।” सगरमाथा संवादको पहिलो शृंखलाको शुभारम्भमा प्रधानमन्त्री केपी शर्मा ओलीका यी भनाइ विश्वभरका प्रतिनिधिमाझ चर्चाको विषय बनेको छ ।

पर्वतीय र विकासोन्मुख हुनुका नाताले नेपालले झेल्दै आएका वातावरणीय र विपद्जन्य समस्यालाई सशक्त रूपमा उद्घोष गर्न संवादको उद्घाटनसत्रका मन्तव्यहरू प्रभावकारी देखिएका छन् । प्रधानमन्त्री ओलीको उद्घाटन सम्बोधन र परराष्ट्रमन्त्री डा आरजु राणा देउवाको स्वागत मन्तव्यका क्रममा संवाद आयोजनाको अर्थ र वातावरणीय मुद्दामा नेपालले लिन खोजेको अगुवाइ स्पष्ट झल्किएको थियो ।

वर्तमान सरकारको न्यूनतम साझा कार्यक्रम, चालु आर्थिक वर्षको बजेट वक्तव्य तथा वन तथा वातावरण मन्त्रालय र परराष्ट्र मन्त्रालयमा बजेट विनियोजन भएअनुसार यही जेठ २ देखि ४ गतेसम्म सगरमाथा संवादको आयोजना भएको हो । यस पहिलो शृंखलाको संवादको विषय ‘ जलवायु परिवर्तन, हिमालहरू र मानवीय भविष्य’ रहेको छ ।

कार्यक्रमलाई सञ्चालन गर्न मिति २०८१ माघ २१ मा नेपाल सरकार (मन्त्रिपरिषद्) बाट निर्णय भई यसका लागि अवधारणापत्र समेत स्वीकृत भएको थियो । जसअनुसार प्रधानमन्त्रीको संयोजकत्वमा निर्देशक समिति, परराष्ट्र मन्त्रीको संयोजकत्वमा व्यवस्थापन समिति र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिव, परराष्ट्रसचिव र वन तथा वातावरण मन्त्रालयका सचिव र ती निकायका सहसचिव रहने गरी सचिवालय गठन गरेर संवादको तयारी भएको हो ।

यस प्रकारको विश्व संवाद गर्ने नेपाल सरकारको प्रयास र परिकल्पनाको उदय भने आठ वर्षअघि नै भएको थियो । वर्तमान प्रधानमन्त्री ओलीकै पहिलो कार्यकालको मन्त्रिपरिषद्को २०७६ साल वैशाख २ गतेको बैठकले यो संवाद गर्ने मिति निर्धारण गरेको थियो ।

सन् २०२० को अप्रिल २-४ (२०७६, चैत २०, २१ र २२) मा सगरमाथा संवाद आयोजना गर्ने भनी गरिएको सरकारको त्यो तयारीलाई कोभिड-१९को महामारीले लपेट्यो । त्यसबेला संवादको तयारीका क्रममा २०७६ मङ्सिर ५ गते तत्कालीन परराष्ट्रमन्त्री प्रदीपकुमार ज्ञवालीले पत्रकार सम्मेलन गरेर सविस्तार जानकारी सार्वजनिक गर्नुभएको थियो ।

आफ्नो कार्यकालमा सोचिएको यस प्रकारको विशेष कार्यक्रम त्यसबेला आयोजना हुन नसके पनि हाल आयोजना हुन सकेकामा तत्कालीन परराष्ट्रमन्त्री ज्ञवाली आजको कार्यक्रममा सहभागी हुनुभयो । कार्यक्रममा सहभागी हुँदैका बीचमा नेता ज्ञवालीले सामाजिक सञ्जालमा लेख्नुभयो, “परराष्ट्र मन्त्रालयमा रहँदा यसलाई नेपाली सौम्य शक्ति (सफ्ट पावर) प्रवर्द्धन गर्ने ग्लोबल फोरमका रूपमा स्थापित गर्न, यसको अवधारणा बनाउन र ढाँचा निर्धारण गर्न गरिएको परिश्रमका क्षणहरू स्मृतिमा सल्बलाए ।”

हरेक दुई वर्षमा आयोजना गरिने भनिएको यो संवादलाई एउटा अन्तरराष्ट्रिय फोरमका रूपमा विकास गर्ने सरकारको लक्ष्य रहेको छ । नेपाल सरकारका मुख्यसचिव एकनारायण अर्याल समसामयिक विषयमा राष्ट्रिय र अन्तरराष्ट्रिय विविध एजेण्डामा छलफल गरी समाधानका लागि साझा धारणा बनाई कार्यान्वयन गर्ने संवादको प्रमुख लक्ष्य रहेको बताउनुहुन्छ । संवादका लागि सरकारले छिमेकीसहित विभिन्न मुलुकका राष्ट्र प्रमुख, सरकार प्रमुख, राजदूत तथा विषयगत विज्ञलाई निम्तो दिएको थियो । सम्मेलनमा भारत, चीन र बङ्गलादेशका मन्त्रीस्तरका प्रतिनिधिका साथै कोप-२९ को अध्यक्ष मुलुक अजरबैजानका राष्ट्रपतिका प्रतिनिधिलगायत एक सय ७५ विदेशी अतिथि र त्यत्तिकै संख्यामा स्वदेशी प्रतिनिधि सहभागी छन् । संवादमा, प्लेनरी, समानान्तर सत्र, गोलमेच र विभिन्न विषयमा साइड इभेन्ट भइरहेका छन् ।

मुख्यसचिव अर्यालले नेपालजस्तै जलवायु परिवर्तनबाट प्रभावित पर्वतीय मुलुकहरूबीच साझा बुझाई बनाउने र आउँदा दिनमा अन्तरराष्ट्रिय समुदायको बीचमा पैरवी गर्नका लागि पहल गर्ने संवादको उद्देश्य हो । यस्तै जलवायु न्यायको लागि नेपालको आवाज अझ सशक्त बनाउने र थप जलवायु वित्त, प्रविधिमाथिको पहुँच र क्षमता विकासका लागि अवसरको खोजी गर्ने तथा जलवायु परिवर्तन विश्वव्यापी समस्या भएको, यस मुद्दामा धनी राष्ट्रको बढी भूमिका भएको र निम्न आय भएका राष्ट्र बढी जोखिममा रहेको हुँदा साझा समस्या समाधानका लागि साझा प्रयास गर्न बहुआयामिक प्रयासमा नेपालले नेतृत्व लिने संवादको लक्ष्य रहेको उहाँको भनाइ छ ।

संवादलाई सार्थक तुल्याउन र यसबारे राष्ट्रियस्तरमा साझा बुझाइका लागि प्रधानमन्त्री ओलीले बिहीबार साँझ उच्चस्तरीय जमघट गराउनुभएको थियो । कार्यक्रममा उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानन्यायाशीध प्रकाशमानसिंह राउत, प्रतिनिधिसभामा सभामुख देवराज घिमिरे, राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहाल, पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, पूर्वप्रधानमन्त्रीहरू डा बाबुराम भट्टराई, झलनाथ खनाल, मन्त्रिपरिषद्का पूर्वअध्यक्ष खिलराज रेग्मी, मन्त्रीगणलगायत सहभागी हुनुहुन्थ्यो । प्रधानमन्त्री ओलीले वातावरणीय मुद्दामा लापरवाही र विलम्ब गरिए विनासमा पुगिने भएकाले यसमा दुनियाँको ध्यानाकर्षण गराउन संवादको आयोजना गरिएको स्पष्ट गर्दै आउनुभएको छ ।रासस

# ‘आगामी बजेटमा शिक्षा, स्वास्थ्य र रोजगारीलाई प्रमुख प्राथमिकता दिनुपर्ने’

काठमाण्डु । प्रतिनिधिसभाको शुक्रबारको बैठकमा आगामी आर्थिक वर्ष २०८२/८३ का लागि प्रस्तुत गरिने विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकतामाथि छलफल जारी छ । छलफलका क्रममा सांसदहरूले शिक्षा, स्वास्थ्य, रोजगारी, सुशासन, पूर्वाधार विकासलगायत क्षेत्रमा विशेष प्राथमिकता दिनुपर्नेमा जोड दिनुभएको हो ।सांसद शान्ति विकले सरकारले ढिलासुस्ती नगरी उपलब्ध स्रोतसाधनको उपयोग गर्दै वर्तमान अवस्थाको सुधार गर्नुपर्ने बताउनुभयो । उहाँले कृषि, पर्यटन, ऊर्जा, पूर्वाधार र सूचना प्रविधिलाई बजेटको प्राथमिकतामा राख्नुपर्ने धारणा राख्नुभयो ।



सांसद सुदन किरातीले राष्ट्रिय सहमतिका आधारमा बजेटका प्राथमिकता तय गर्न सुझाव दिनुभयो । उहाँले सङ्घीयताको कार्यान्वयन, जनताको विश्वास जित्ने कार्य र बेरुजु घटाउन सुशासन मजबुत बनाउनु आवश्यक रहेको उल्लेख गर्नुभयो ।सांसद सीताकुमारी रानाले विधेयकमा समावेश प्राथमिकता सान्दर्भिक र समयसापेक्ष रहेको बताउँदै त्यसको प्रभावकारी कार्यान्वयनमा सरकार गम्भीर हुने आशा व्यक्त गर्नुभयो ।

सांसद वासुदेव घिमिरेले बेरुजु शून्यमा झार्ने लक्ष्य लिएर पारदर्शी र व्यावहारिक कार्यान्वयन सुनिश्चित गर्नुपर्ने बताउनुभयो । कतिपय प्रभावकारी योजना हुँदाहुँदै कार्यान्वयन पक्ष कमजोरी देखिएको भन्दै उहाँले चिन्ता व्यक्त गर्नुभयो ।सांसद गङ्गा कार्कीले बजेट ल्याउँदा संसद्मा उठेका विषयलाई समावेश गर्नुपर्नेभन्दै जमिनको चक्लाबन्दीको गुरुयोजना र भन्सार प्रणालीको पूर्ण डिजिटलाइजेसनलाई प्राथमिकता दिन सुझाव दिनुभयो ।

सांसद कल्पना चौधरीले थारु बहुल क्षेत्रमा वंशाणुगत रोग सिकलसेलको उपचारका लागि छुट्टै स्वास्थ्य सेवा एकाइको स्थापना र मुक्त कमैया तथा कमलरीहरूको उचित व्यवस्थापनको माग गर्नुभयो ।सांसद दुर्गा राईले समग्र देशको आवश्यकताअनुसार सन्तुलित बजेट ल्याउनुपर्नेमा जोड दिनुभयो । सांसद सन्तोष चालिसेले ठूला योजनाको सट्टा साना र व्यवहारिक कार्यक्रममार्फत अर्थतन्त्र सुधार गर्नुपर्ने तर्क राख्नुभयो ।रासस

# परराष्ट्रमन्त्री डा राणा र भारतका वातावरण मन्त्रीबीच भेटवार्ता

काठमाण्डु । परराष्ट्रमन्त्री डा आरजु राणा देउवा र भारतका वन, वातावरण तथा जलवायु परिवर्तनसम्बन्धी मन्त्री भुपेन्दर यादवबीच शुक्रबार भेटवार्ता भएको छ । परराष्ट्रमन्त्री डा राणा र सगरमाथा संवादका लागि नेपाल आउनुभएका भारतीय मन्त्री यादवबीच आज सो ‘साइडलाइन’ भेटवार्ता भएको हो ।

त्यस अवसरमा नेपाल भारत सम्बन्धका विविध आयामहरूका साथै आपसी, हित र सहयोग आदानप्रदानका विषयमा कुराकानी भएको थियो । भेटमा मन्त्री डा राणाले नेपालले अयोजना गरेको सगरमाथा संवादको पहिलो संस्करणमा सहभागी भएकामा भारतीय मन्त्री यादव र भारत सरकारलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

नेपाल र भारतबीच जैविक विविधता संरक्षणका क्षेत्रमा आज समझदारीपत्रमा हस्ताक्षर भएको प्रसङ्ग उल्लेख गर्दै उहाँहरूले उक्त सम्झौता दुई देशका लागि यस क्षेत्रको महत्त्वपूर्ण रहेको पनि बताउनुभयो । नेपाल र भारतबीच पछिल्लो समयमा जारी रहेका द्विपक्षीय भेटवार्ताहरू, औपचारिक बैठक, विविध विषयहरूमा भइरहेका इङ्गेजमेन्टका बारेमा पनि सो बैठकमा कुराकानी भएको थियो ।

साथै जलवायु परिवर्तनको मुद्दा नेपाल र भारतको साझा मुद्दा भएकाले यसको असरलाई कम गर्ने विषयमा के कसरी सहकार्य गरेर अघि बढ्न सकिन्छ भन्ने बारेमा पनि उहाँहरूबीच कुराकानी भएको थियो । सगरमाथा संवादमा सहभागिताका लागि भारतीय मन्त्री यादव बिहीबार काठमाडौँ आउनुभएको थियो ।रासस

# ‘डिजिटल फ्रेमवर्कको उद्देश्य पूरा गर्न डिजिटल साक्षरता अनिवार्य’

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले ‘डिजिटल फ्रेमवर्क’को उद्देश्य पूरा गर्न डिजिटल साक्षरता अनिवार्य हुनुपर्ने बताउनुभएको छ ।

क्यान फेडरेसनले आयोजना गरेको ‘मल्टि स्टेकहोल्डर डिस्कसन अन डिजिटल नेपाल फ्रेमवर्क २.० एन्ड वे फर्वाड’ कार्यक्रममा बोल्दै मन्त्री गुरुङले नागरिक एप सञ्चालनमा आए पनि प्रयोग गर्ने साक्षरतामा कमी रहेको बताउनुभयो । “डिजिटल फ्रेमवर्क साकार पार्न डिजिटल साक्षरता आवश्यक छ, हामीले साक्षरता पनि सँगै लैजानुपर्छ”, मन्त्री गुरुङले भन्नुभयो ।



उहाँले डिजिटल पूर्वाधार निर्माण र आवश्यक नीति बनाउने मुख्य दायित्वसमेत सरकारकोरहेकोप्रष्टपार्नुभयो।नेपाल सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री गुरुङका अनुसार डिजिटल नेपाल फ्रेमवर्क २.० सोह्रौँ योजनासँग समेत अनुकूलन हुनेगरी तयार गरिएको र यसले डिजिटल आधारस्तम्भलाई जोड दिई कनेक्टिभिटी, प्राविधिक सीप, डाटा एकीकरण र साइबर सुरक्षाजस्ता आधारभूत पक्षहरूलाई सुदृढ बनाउने लक्ष्य लिएको मन्त्री गुरुङले उल्लेख गर्नुभयो ।

सञ्चारसचिव राधिका अर्यालले सरकारको पहिलो डिजिटल फ्रेमवर्कको अनुभवले सुधार गर्दै डिजिटल फेमवर्क २.० मस्यौदा तयार पारिएको बताउनुभयो । आवश्यक सुझाव दिन पनि उहाँले निजी क्षेत्रलाई आग्रह गर्नुभयो ।क्यान फेडरेसनका अध्यक्ष सुनैना घिमिरे पाण्डेले अबको युग डिजिटल युग भएकाले सरकारले यस क्षेत्रलाई नीतिगतसँगै आर्थिक लगानीको प्राथमिकतामा जोड दिनुपर्ने बताउनुभयो ।रासस

# ‘कानुन विपरीत वैदेशिक रोजगारसम्बन्धी कार्य गर्नेलाई कारबाहीको दायरामा ल्याउँछौँ’

काठमाण्डु । वैदेशिक रोजगार विभागले वैदेशिक रोजगारसम्बन्धी कार्य गर्ने ट्राभल टिकेटिङ्ग एजेन्ट, शैक्षिक परार्मश केन्द्रलगायतलाई कारबाहीको दायरामा ल्याउन अनुगमनलाई तीव्रता दिने जनाएको छ ।

विभागद्वारा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा विभागका महानिर्देशक कमलप्रसादभट्टराईलेवैदेशिकरोजगारसम्बन्धी उजुरी र गुनासोको तत्काल सम्बोधन गर्ने तयारी भइरहेको जानकारी दिनुभयो । वैदेशिक रोजगार व्यवसायीबाहेक अन्य संस्था वा व्यक्तिले वैदेशिक रोजगारसम्बन्धी विज्ञापन गरेको विषय, राहदानी सङ्कलन गर्ने र रोजगारमा पठाइदिने भनी रकम लिएको सम्बन्धमा प्राप्त उजुरीमाथि तत्काल अनुगमन गरी कारबाही अघि बढाइने बताउनुभयो । आफ्नो कार्यअवधिको




कार्यविवरण तथा विभागका आगामी योजनाबारे जानकारी दिँदै महानिर्देशक भट्टराईले वैदेशिक रोजगारीसम्बन्धी ठगी, राहत उद्धार, अनुगमन र नियमनलाई थप प्रभावकारी बनाउन योजनाबद्ध रूपमा कदम चालिने बताउनुभयो । “कानुन विपरीत वैदेशिक रोजगारसम्बन्धी कार्य गर्नेलाई कारबाहीको दायरामा ल्याउँछौँ”, उहाँले भन्नुभयो ।

उहाँका अनुसार उपत्यकाभित्रका इजाजतपत्र प्राप्त संस्थाको अनुगमनलाई थप व्यवस्थित बनाउन अनुगमन स्वीकृतिको ढाँचा तर्जुमा गरिनेछ । उजुरीको संवेदनशीलताका आधारमा आकस्मिक रूपमा अनुगमन टोली परिचालन गरिने उहाँले उल्लेख गर्नुभयो ।

विभागद्वारा सम्पादन गरिने सेवा प्रवाहलाई सरल र सहज बनाउन आफ्नो योजनाबारे कार्यक्रममा महानिर्देशक भट्टराईले जानकारी दिनुभयो । “नागरिक एपमा स्वीकृतिको स्टिकर र वैदेशिक रोजगारीका विज्ञापन मात्र देखिने अवस्था रहेको हुँदा यस प्रणालीलाई नागरिक एप तथा राष्ट्रिय परिचयपत्रसँग आबद्ध गर्ने विभागको योजना छ । यसबाट सेवाग्राहीले पटकैपिच्छे आफ्नो विवरण भरिरहनुपर्ने बाध्यता अन्त्य हुने विभागको विश्वास छ”, उहाँले भन्नुभयो ।रासस

# प्रधानमन्त्रीसँग विश्व बैंकका दक्षिण एसिया उपाध्यक्षको शिष्टाचार भेट

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीसँग विश्व बैंकका दक्षिण एसिया क्षेत्रका उपाध्यक्ष मार्टिन रायसरले शुक्रबार शिष्टाचार भेट गर्नुभएको छ ।

प्रधानमन्त्री निवास, बालुलाटारमा भएको भेटमा नेपालको आर्थिक र सामाजिक विकासका क्षेत्रमा हुँदै आएको सहकार्य, काठमाडौँमा जारी सगरमाथा संवादको सार्थकतालगायत विषयमा छलफल भएको छ ।

प्रधानमन्त्री ओलीले नेपालको आर्थिक वृद्धि, गरिबी निवारण र नेपालीको जीवनस्तर उकास्न बैंकले गर्दै आएको महत्त्वपूर्ण सहयोगको प्रशंसा गर्दै उचित राजस्व परिचालन र विकासका खर्चका लागि प्रभावकारी व्यवस्थापन सरकारको प्राथमिकता रहेको सुनाउनुभयो । उहाँले उत्पादन र उत्पादकत्ववृद्धिका लागि थालेका काम सक्ने नति अनुरुप आगामी बजेटबाट समयमा परियोजनाहरू सम्पन्न गर्नेगरी प्रबन्ध गरिने अवगत गराउनुभयो । उपाध्यक्ष रायसरले बैंकको सहकार्यको निरन्तरताको प्रतिबद्धता व्यक्त गर्दै वातावरणीय मुद्दामा प्राथमिकता दिएर नेपालले सगरमाथा संवादको आयोजना गरेकामा सफलताको कामना गर्नुभयो ।

बैंकले नेपालमा यातायात, ऊर्जा, शिक्षा र स्वास्थ्यलगायत १९ क्षेत्रमा गरी दुई मिलियन अमेरिकी डलरको लगानी गरेको छ । भेटका अवसरमा प्रधानमन्त्रीका मुख्य सल्लाहकार विष्णुप्रसाल रिमाल, आर्थिक विकास सल्लाहकार डा युवराज खतिवडा, बैंकका देशीय निर्देशक डेभिड एन सिस्लेनलगायत सहभागी हुनुहुन्थ्यो ।रासस

# प्रथम महिलाले सगरमाथा आरोहण गरेको ५० वर्ष पूरा

**एएफपी**

पेरिस ।सन् १९७५ मे १६ मा विश्वको सर्वोच्च शिखर सगरमाथा आरोहण गर्ने जापानकी जुन्को ताबेई पहिलो महिला बन्नुभयो ।

आधा शताब्दीपछि विश्वको सबैभन्दा अग्लो पर्वतमा महिलाद्वारा हजारौँ आरोहण हुन लागेको छ ।आठ हजार आठ सय ४९ मिटर (२९ हजार ३२ फिट) अग्लो शिखर चढ्नु मुख्यतया पुरुषहरूको उपलब्धि रहेको छ ।हिमालयन डाटाबेसका आँकडाहरूको एएफपी विश्लेषण अनुसार सन् २०२५ मे महिनासम्म महिलाहरू नौ सय ६२ पटक सगरमाथा शिखर पुगेका थिए भने पुरुषहरू ११ हजार नौ सय ५५ पटक त्यहाँ पुगेका थिए ।



### सीमित हुने छैन

सन् १९७५ मा ताबेई सगरमाथा शिखरमा पुग्दा उहाँभन्दा अघि ३८ पुरुष त्यहाँ पुगिसकेका थिए ।उहाँको सम्पूर्ण महिला टोलीसँग उहाँले आफ्नो अभियानका लागि प्रायोजकहरू खोज्न सङ्घर्ष गर्नुभएको थियो । प्रायः उहाँहरूलाई आफ्ना बच्चाहरूको हेरचाह गर्नु नै राम्रो हुने भनिएको थियो ।“सबै पुरुषले हाम्रो रुचिहरूलाई सीमित गर्छन् र म सीमित हुन चाहन्नँ”, ताबेईले आरोहण गरी फर्किएपछि आफ्नो नोटबुकमा लेख्नुभयो ।

एघार दिनपछि एक तिब्बती महिला फान्टोग विपरीत दिशाबाट शिखरमा पुग्नुभयो । उहाँले सगरमाथा आरोहण गर्ने आफू पहिलो महिला भएको विश्वास गर्नुभयो । ओर्लिएपछि मात्र ताबेईले आफूलाई पछि पारेको थाहा पाउनुभयो ।आफ्नो नोटबुकमा ताबेईले आफ्ना अन्य लक्ष्यहरू उल्लेख गर्नुभयो : विश्वको दोस्रो सबैभन्दा अग्लो शिखर के२ चढ्ने र वैज्ञानिक पत्रिकामा काम गर्न फर्कने ।

### केही महिला शेर्पा

त्यसयता सगरमाथामा ८५ विभिन्न राष्ट्रियताका आठ सय ७० फरक महिलाले आरोहण गरेका छन् र केहीले धेरै पटक सफलता हासिल गरेका छन् ।नेपाली पर्वतारोहीहरू पछि संयुक्त राज्य अमेरिका, भारत र चीनले शिखरमा सबैभन्दा बढी पुरुषहरू पठाएका छन् र ३९ प्रतिशत महिला पठाएका छन् ।आफ्ना ग्राहकहरूलाई सगरमाथासम्म साथ दिने नेपाली गाइडहरू अर्थात शेर्पाहरू लगभग सबै पुरुष छन् ।

सगरमाथाको घर नेपालमा पुरुषहरूले गरेको आरोहणको आधा हिस्सा छ तर महिलाहरूको केवल नौ प्रतिशत मात्र : ६६ फरक महिलाद्वारा ९० आरोहण भएको छ ।सन् २०१२ मा आरोहण गरेकी दावा याङ्जुम शेर्पा हाल सन् २०१८ मा अन्तर ाष्ट्रिय डिप्लोमा प्राप्त गर्ने प्रमाणित नेपाली गाइड हुने एक मात्र महिला हुनुहुन्छ ।“यो एउटा चुनौतीपूर्ण क्षेत्र हो, अझ बढी यदि तपाईं एउटी छोरी हुनुहुन्छ भने । त्यहाँ केही व्यक्तिहरू थिए जसले यो छोरीको काम होइन, मैले काम पाउँदिन भनी भनेका थिए”, उहाँले भन्नुभयो ।

> सगरमाथाको घर नेपालमा पुरुषहरूले गरेको आरोहणको आधा हिस्सा छ तर महिलाहरूको केवल नौ प्रतिशत मात्र : ६६ फरक महिलाद्वारा ९० आरोहण भएको छ ।सन् २०१२ मा आरोहण गरेकी दावा याङ्जुम शेर्पा हाल सन् २०१८ मा अन्तर्राष्ट्रिय डिप्लोमा प्राप्त गर्ने प्रमाणित नेपाली गाइड हुने एक मात्र महिला हुनुहुन्छ ।“यो एउटा चुनौतीपूर्ण क्षेत्र हो, अझ बढी यदि तपाईं एउटी छोरी हुनुहुन्छ भने । त्यहाँ केही व्यक्तिहरू थिए जसले यो छोरीको काम होइन, मैले काम पाउँदिन भनी भनेका थिए”, उहाँले भन्नुभयो ।

यसअघि सन् १९९३ मा पासाङ ल्हामु शेर्पा सगरमाथा शिखरमा पुग्ने पहिलो नेपाली महिला बन्नुभएको थियो ।अवतरणको समयमा उहाँ उचाइ रोगबाट पीडित एक सहकर्मीसँग बस्नुभएको थियो । दुवैको थकानका कारण मृत्यु भयो ।उहाँ राष्ट्रिय नायिका बन्नुभयो र सगरमाथाको आधार शिविरबाट आज पदयात्रा गर्दा उहाँलाई श्रद्धाञ्जलि अर्पण गर्ने स्मारकबाट सुरु हुन्छ ।सन् २००० मा शिखरमा पुग्ने दोस्रो महिला एवं पासाङ ल्हामुकी उत्तराधिकारी लाक्पा शेर्पाले त्यसपछि आरोहणको संख्याका लागि महिला रेकर्ड दाबी गर्नुभएको छ र उहाँले मे महिनासम्म १० पटक आरोहण गरिसक्नुभएको छ ।

### अक्सिजन बिना

जुन्को ताबेईको १३ वर्षपछि न्युजिल्यान्डकी लिडिया ब्राडी सन् १९८८ मा अक्सिजनको बोतल बिना शिखरमा पुग्ने पहिलो महिला बन्नुभयो । अक्सिजनको बोतल श्वासप्रश्वासको सहायता हो र यसले उचाइको प्रभावलाई क्षतिपूर्ति दिन्छ ।

जसै उहाँले एक्लै आरोहण गर्नुभयो, उहाँको अभियानका अन्य सदस्यहरू नेपालको राजधानी काठमाडौँ फर्के । त्यहाँ उनीहरूले सार्वजनिक रूपमा उहाँको सफलतामा शङ्का व्यक्त गरे ।आफ्नो अनुमतिले अनुमति दिएको भन्दा अर्को मार्ग लिएका कारण निकालिनुको सामना गर्दै ब्राडीले नेपाली पर्यटन मन्त्रालयमा आफ्नो उपलब्धि दाबी नगर्ने निर्णय गर्नुभयो तर यसलाई वर्षौंपछि मान्यता दिइयो ।महिला र पुरुषलाई सँगै लिइँदा केवल दुई सय २९ आरोहण अर्थात एक प्रतिशतभन्दा कम अक्सिजन बिना सफल भएका छन् । ब्राडी र अन्य केवल नौ महिला यो सूचीमा छन् ।

### महिलाहरू राम्रोसँग तयार

“यो पूरक अक्सिजनसँग चढ्नुभन्दा फरक खेल हो । शायद महिलाहरू त्यसको बारेमा अलिकति बढी जागरुक छन्”, जर्मनीकी बिल्ली बिर्लिङले भन्नुभयो । बिर्लिङ हिमालयन डाटाबेसकी निर्देशक हुनुहुन्छ र उहाँले सगरमाथा शिखरसम्मको अभियानहरू ट्र्याक गर्नुहुन्छ ।

“महिलाहरू प्रायः राम्रोसँग तयार हुन्छन् र जब पर्वतमा जोखिम लिने कुरा आउँछ, तिनीहरू सायद अलि बढी रूढीवादी हुन्छन् । त्यसैले सायद एउटी महिला एक्लैले भन्छिन्, ‘ तपाईंलाई थाहा छ, यो धेरै खतरनाक छ, म तल जान्छु’, जबकि एक पुरुष पर्वतारोही अझै पनि जान्छ”, सन् २००९ मा सगरमाथा आरोहण गर्नुभएकी बिर्लिङले भन्नुभयो ।त्यसैले हरेक वर्ष प्रयास गर्ने एक सय महिलामध्ये केवल ६६ प्रतिशत मात्र सफल हुन्छन् । पुरुषहरूको ७५ प्रतिशतको तुलनामा उनीहरूको मृत्युदर कम हुन्छ । सगरमाथाको भिरालोमा प्रत्येक एक सय ५३ प्रयासमा एक महिलाको मृत्यु हुन्छ भने प्रत्येक ७० प्रयासमा एक पुरुषको मृत्यु हुन्छ ।

सगरमाथाको शिखरमा महिलाहरू अझै पनि अल्पसंख्यकमा छन् । त्यहाँ पुग्ने महिलाहरूको अनुपात बढ्दै गइरहेको छ । तिनीहरू सन् २००० को दशकमा १६ पुरुष बराबर एक थिए भने दुई दशकपछि १० मा एक भएका छन् ।“अहिले मेरा धेरैजना साथी छन् जो अविवाहित छन् र सन्तानविहीन छन् र उनीहरूले बढी पैसा कमाउँछन्, त्यसैले तिनीहरू बाहिर गएर आठ हजारमाथिका शिखरहरूमा जान सक्छन्”, बिर्लिङले भन्नुभयो ।आरोहणको लागत ४५ हजार डलरदेखि दुई लाख डलरसम्म फरक हुन्छ ।

# रक्षा सम्झौता पुनःस्थापनाका लागि इयु र बेलायतबीचको विवाद जारी

**एएफपी**

ब्रसेल्स । आगामी साता ब्रेक्जिटपछि हुन लागेको ऐतिहासिक शिखर सम्मेलनमा रक्षा सम्बन्धहरूलाई थप बलियो बनाउनका लागि माछा मार्ने अधिकार र खाद्य जाँचको मुद्दामा सम्झौताको खोजीमा रहेका युरोपेली सङ्घ (इयु) र बेलायत जोडदार बहस गर्न तयार देखिएका छन् । सोमबार लन्डनमा बेलायतका प्रधानमन्त्री किर स्टार्मर र इयुका शीर्ष अधिकारीहरू बीचको बैठक लन्डनको बहुप्रचारित ‘रिसेट’ सम्बन्धबाट पहिलो परिणाम ल्याउने योजना बनाइएको थियो ।



सन् २०२० जनवरी ३१ मा बेलायत इयु ब्लकबाट बाहिरिएपछिका वर्षहरूमा खराब सम्बन्धपछि प्रवाहलाई फेर्ने दिशामा रक्षा र सुरक्षा साझेदारीमा हस्ताक्षर गर्नु एक प्रतीकात्मक कदमको रूपमा हेरिएको छ ।तर पुराना बानीहरू कठिनसँग मर्छन् र दुवै पक्षहरू पुनर्मिलनलाई रोक्ने धम्की दिने लामो समयदेखि चलिआएका समस्याहरूमाथि अन्तिम समयसम्म झगडा गरिरहेका छन् ।ब्रसेल्सका कूटनीतिज्ञहरूले इयुले बेलायतबाट केही खाद्यान्न आयातमा नियन्त्रण सजिलो बनाउने बदलामा बेलायतबाट युरोपेली माझीहरूका लागि आफ्नो पानी खुला राख्न वार्ता केन्द्रित रहेको बताएका छन् ।

अन्य अड्चनहरूमा युवाहरूलाई दुई पक्षबीच सजिलै सार्न अनुमति दिने योजनाका लागि इयुको दबाब समावेश छ जुन लन्डनले स्वतन्त्र आवागमनमा फर्कन आफ्नो लक्ष्मण रेखालाई खतरा निम्त्याउने डर छ ।“उनीहरू सबै कुरा चाहन्छन् र केही दिइरहेका छैनन्”, एक युरोपेली कूटनीतिज्ञले अरुहरू जस्तै नाम नछाप्ने सर्तमा बेलायती अडानबारे गुनासो गरे । इयुका प्रमुख उर्सुला भोन डेर लेयन र स्टार्मरले शुक्रबार अल्बानियामा युरोपेली नेताहरूको शिखर सम्मेलनमा वार्तालाई अन्तिम धक्का दिन सक्ने देखिन्छ ।

### ढाँचा

यदि उनीहरूले अन्तिम बाधाहरू पार गर्न सके भने हस्ताक्षर गरिने ‘सुरक्षा र रक्षा साझेदारी’ लन्डनमा हुने बैठकको प्रमुख आकर्षण हुनेछ ।रुसबाट खतरा र अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अब युरोपलाई सुरक्षा नदिने भन्ने डर बीच इयु र बेलायत दुवैले पुनः हतियार बनाउन दौडिरहेको अवस्थामा नजिकको सहयोगको ढोका खोल्ने उद्देश्यले यो कदम चालिएको हो ।

यसको अर्थ थप नियमित सुरक्षा वार्ता, बेलायतले इयुका सैन्य मिसनहरूमा सामेल हुने विचार र लन्डनले इयु ब्लकबाट स्थापित एक खर्ब ५० अर्ब युरो (एक खर्ब ६७ अर्ब डलर) रक्षा कोषमा पूर्ण पहुँच पाउने सम्भावना हुनेछ ।तर यो सम्झौताले पछि भरिने धेरै विवरणहरू छाड्ने अपेक्षा गरिएको छ । उदाहरणका लागि बेलायत र यसको रक्षा उद्योगलाई इयु कार्यक्रमहरूमा निर्बाध पहुँच दिने थप सम्झौताको आवश्यकता पर्दछ ।“यो अझ बढी सहयोगका लागि एउटा ढाँचा हो”, इयुका अर्का कूटनीतिज्ञले भने ।

सुरक्षा सम्झौतामा पुग्नु वार्ताकारहरूका लागि सबैभन्दा कम झन्झटिलो कामका रूपमा लामो समयदेखि हेरिएको थियो किनकि बेलायतको पहिले नै नाटोमा २३ इयुका देशहरूसँग अन्तरसम्बन्धित रक्षा सम्बन्धहरू छन् ।ती सम्बन्धहरू ट्रम्पले युक्रेनमा युद्धको शीघ्र अन्त्यका लागि दबाब दिएर युरोपलाई तरङ्गित बनाएपछि मात्र कसिएका छन् ।कुनै पनि सम्झौताको स्थितिमा सम्भवतः युक्रेनमा सेना तैनाथ गर्ने योजनाको नेतृत्व गर्न बेलायतले फ्रान्ससँग सहकार्य गरेको छ ।

बेलायत सरकारका एक अधिकारीले नाम नछाप्ने सर्तमा रक्षा सम्झौतामा सहमति हुने अपेक्षा गरिएको बताए ।यस मामिलासँग परिचित अर्का बेलायती अधिकारीले सोमबार वार्षिक शिखर सम्मेलनको शृंखलामा पहिलो मात्र भएको कुरामा जोड दिए ।“अपरिहार्य रूपमा यस शिखर सम्मेलनका लागि सहमति भएका कुराहरू छन्, छलफल जारी राख्न हामी सहमत भएका कुराहरू छन् र हामीले सीमा नाघेका कुराहरू पनि छन्” उनीहरूले भने ।

रक्षा साझेदारीलाई अन्य दुई कागजातसँगै हस्ताक्षर गर्ने परिकल्पना गरिएको थियो ।
एउटाले विश्वव्यापी मुद्दाहरूमा साझा दृष्टिकोण राख्छ र अर्कोले आगामी महिनाहरूमा दुवै पक्षले प्रगति गर्ने आशा गर्ने कठिन विषयहरू सूचीबद्ध गर्दछ ।इयु विरोधी सुधार बेलायतबाट बढ्दो चुनौतीको सामना गर्ने स्टार्मरका लागि इयुसँगको घनिष्ठ सहयोग राजनीतिक रूपमा विभाजनकारी मुद्दा भएकाले लन्डन र ब्रसेल्स सावधानीपूर्वक अघि बढिरहेका छन् ।

# बेलायतमा शरण खोज्ने आप्रबासीको संख्यामा वृद्धि

**एएफपी**

लण्डन । बेलायतमा हालैका वर्षहरूमा शरण खोज्नेहरूको संख्या ह्वात्तै बढेको सरकारी तथ्याङ्कले देखाएको छ।

आप्रबासनका लागि दिइएका दशौँ हजार आवेदनहरू अझै निर्णय हुन बाँकी रहेको तथ्याङ्कमा उल्लेख छ । बेलायतका प्रधानमन्त्री केइर स्टार्मरले बेलायतमा रहनका लागि सबै कानुनी मार्गहरू समाप्त भएकाहरूका लागि बेलायतबाट बाहिर ‘फिर्ती केन्द्र’ हरू सिर्जना गर्न सकियोस् भनी बिहीबार विभिन्न देशहरूसँग औपचारिक वार्ता सुरु गरेको घोषणा गर्नुभएको छ ।



सन् २०२४ मा बेलायतमा शरण माग्नेको संख्या तीन गुणाले वृद्धि भएको सरकारी तथ्याङ्कले देखाएको छ । यो समयमा ८४ हजार २०० ले शरणार्थीका लागि आवेदन दिएका छन् । सन् २०११ देखि सन् २०२० को बीचमा औसतमा २७ हजार ५०० शरणार्थीले बेलायतमा शरणका लागि आवेदन दिएका थिए । सन् २०२२ मा बेलायतमा प्रति १० हजार व्यक्तिमा लगभग १३ जनाले शरणका लागि आवेदन दिएका थिए । ईयूमा यो संख्या प्रति १० हजार २५ रहेको थियो ।

सन् २०२३ मा बेलायतमा रहेका करिब ११ प्रतिशत आप्रवासी शरणार्थी वा शरणार्थी थिए, जुन सन् २०१९ को छ प्रतिशतको तुलनामा झण्डै दुई गुणा बढी हो ।आवेदन अस्वीकृत दर सन् २००४ मा ८८ प्रतिशत र सन् २०२२ मा २४ प्रतिशत रहेको थियो भने सन् २०२४ मा ५३ प्रतिशत रहेको थियो । सन् २००४ देखि सन् २०२१ को बीचमा, शरणार्थीका लागि लगभग तीन चौथाइ आवेदकको प्रारम्भिक अनुरोध अस्वीकार गरिएको थियो । त्यसपछि उनीहरूले सरकारको निर्णयबारे पुनःआवेदन गरेका थिए भने त्यसमध्ये एक तिहाईले शरणार्थीको मान्यता पाउन सफल भएका थिए ।

सन् २०२४ मा शरणार्थीका लागि आवेदन स्वीकृत नभएका नौ हजारभन्दा बढी व्यक्तिलाई देश छोड्न निर्देशन गरिएको थियो । यो संख्या सन् २०२३ को तुलनामा ३६ प्रतिशतले बढी हो ।सन् २०२४ मा करिब दुई लाख २४ हजार ७०० मुद्दामाथि सुनुवाई भएको र यसमध्ये ८७ हजार २०० प्रारम्भिक निर्णयको पर्खाइमा रहेका थिए भने एक लाख ३७ हजार ५०० आवेदन प्रारम्भिक अस्वीकारपछि थप कानुनी निरन्तरताका लागि पर्खाइमा थिए ।

यो संख्या सन् २०२२ देखि घट्दै गएको छ तर सन् २०१४ को तुलनामा चार गुणा बढी छ किनभने प्रारम्भिक निर्णयका लागि लामो समय पर्खनु परेको छ भने ठूलो संख्यामा मानिसहरू निर्वासनको सामना गरिरहेका छन् ।सन् २०१८ भन्दा पहिले अस्तित्वमा नै नभएको अस्थायी डुङ्गामा च्यानल पार गर्नेको संख्या हालैका वर्षहरूमा ह्वात्तै बढेको छासन् २०१८ देखि सन् २०२४ को डिसेम्बरसम्मको अवधिमा एक लाख ४८ हजार आप्रवासीले आफ्नो ज्यान जोखिममा राखेर इङ्लिस च्यानलको बाटो भएर बेलायतको तटीय क्षेत्रमा पुगेको सरकारी तथ्याङ्कले देखाएको छ ।

तीमध्ये ९५ प्रतिशतले शरणका लागि आवेदन दिएका थिए । यो संख्या सन् २०१८ देखि सन् २०२४ को डिसेम्बरसम्मको अवधिमा सबै शरण चाहनेमध्ये २९ प्रतिशत हो ।सन् २०२५ मा करिब १३ हजार आप्रवासीले च्यानल पार गरिसकेका छन्, जुन सन् २०२४ को सोही अवधिको तुलनामा बढी हो ।सन् २०२४ मा शरण माग्नेको सबैभन्दा ठूलो समूह पाकिस्तानबाट आएकाको रहेको थियो । अघिल्ला वर्षहरूमा मुख्यतया सिरिया र इरानबाट आएका आप्रबासी शरणार्थीको संख्या बढी हुने गरेको थियो ।

# रूस र युक्रेन इस्तानबुलमा भेट्ने, तर अपेक्षा न्यून

**एएफपी**

इस्तानबुल । मस्को र किएभका प्रतिनिधिमण्डलहरू शुक्रबार इस्तानबुलमा हुनेछन् । यो सम्भवतः सन् २०२२ यता युक्रेनको द्वन्द्वमा उनीहरूको पहिलो प्रत्यक्ष बैठक हुन सक्छ । यद्यपि रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको अनुपस्थितिले युद्ध अन्त्य गर्नका लागि प्रगतिका लागि थोरै आशा छोड्दछ ।



अमेरिकी विदेशमन्त्री मार्को रुबियोले वार्ताका लागि मस्कोले लो-प्रोफाइल प्रतिनिधिमण्डल पठाएपछि र बिहीबारका लागि प्रारम्भिक रूपमा निर्धारित वार्ताअघि दुवै पक्षले एकअर्कालाई अपमान गरेपछि शान्ति वार्ताका लागि अपेक्षा कम गर्नुभएको छ ।

“म स्पष्ट हुन चाहन्छु... भोलि के हुनेछ भन्ने बारेमा हाम्रो उच्च अपेक्षा छैन”, रुबियोले भन्नुभयो ।यसअघि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि पुटिनलाई नभेटेसम्म युद्ध अन्त्य गर्ने दिशामा कुनै आन्दोलन नहुने भन्दै टर्कीमा प्रगति हुन नसक्ने कुरा स्वीकार गरेको देखिन्थ्यो । “मलाई लाग्दैन कि तपाईंलाई मन परोस् वा नपरोस्, उहाँ र म एक साथ नआउँदासम्म केही पनि हुनेछैन”, ट्रम्पले एयर फोर्स वानमा पत्रकारहरूलाई भन्नुभयो ।

युक्रेनी राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले पनि मस्कोमाथि युद्ध अन्त्य गर्न ‘ गम्भीर नभएको’ आरोप लगाउँदै आफूले सफलताको अपेक्षा नगरेको बताउनुभयो ।गत हप्ता पुटिनले दुई पक्षबीच प्रत्यक्ष वार्ताको प्रस्ताव राख्नुभएको थियो तर जेलेन्स्कीले उहाँलाई व्यक्तिगत रूपमा वार्तामा उपस्थित हुन चुनौती दिएपछि प्रतिक्रिया दिन अस्वीकार गर्नुभयो ।

रुसी पक्षको नेतृत्व पुटिनका कट्टर सल्लाहकार भ्लादिमिर मेडिन्स्कीले गरिरहनुभएको छ । उहाँले युक्रेनको अस्तित्वको अधिकारमाथि प्रश्न उठाउनुभएको छ र सन् २०२२ मा युद्धको सुरुआतमा असफल वार्ताको नेतृत्व गर्नुभएको थियो।युक्रेनकोप्रतिनिधिमण्डलको नेतृत्व रक्षामन्त्री रुस्तम उमरोभ र करिब एक दर्जन उप-स्तरीय अधिकारीहरूले गर्नेछन् ।

### शैली निर्धारण

रुस र युक्रेनलाई शान्ति सम्झौताको दिशामा धकेल्न उत्सुक ट्रम्पले कुनै अर्थपूर्ण प्रगति भएमा शुक्रबार टर्की जाने सम्भावना खुला राखेको बताउनुभयो ।

टर्कीको विदेश मन्त्रालयको एक स्रोतले शुक्रबार विभिन्न ढाँचामा वार्ता अघि बढ्ने बताएको छ ।

शुक्रबारका लागि रुस, युक्रेन र टर्कीबीचको त्रिपक्षीय वार्ता एजेन्डामा छ र अमेरिका, युक्रेन र टर्कीका अधिकारीहरूबीच पनि वार्ता हुने स्रोतले जनाएको छ ।इस्तानबुलमा रूसी मिडियाका लागि टेलिभिजन ब्रिफिङमा मेडिन्स्कीले भन्नुभयो, “भोलि बिहान, शाब्दिक रूपमा बिहान १० बजेदेखि, हामी युक्रेनी पक्षको प्रतीक्षा गर्नेछौं, उनीहरू बैठकमा उपस्थित हुनुपर्छ ।”

> वार्ताअघि शैली निर्धारण गर्दै रूसले “नक्कली” प्रतिनिधिमण्डल पठाएको जेलेन्स्कीले बताउनुभयो भने रूसी विदेश मन्त्रालयकी प्रवक्ता मारियाजाखारोभाले युक्रेनी राष्ट्रपतिलाई “जोकर” र “हारेको” भन्नुभयो ।

वार्ताअघि शैली निर्धारण गर्दै रूसले ‘नक्कली’ प्रतिनिधिमण्डल पठाएको जेलेन्स्कीले बताउनुभयो भने रूसी विदेश मन्त्रालयकी प्रवक्ता मारिया जाखारोभाले युक्रेनी राष्ट्रपतिलाई ‘जोकर’ र ‘ हारेको’ भन्नुभयो ।इस्तानबुलमा रूसी वाणिज्य दूतावास बाहिर मेडिन्स्कीले पत्रकारहरूलाई रुसले वार्तालाई सन् २०२२ को असफल वार्ताको निरन्तरताको रूपमा हेरेको बताउनुभयो र उहाँ ‘सम्भावित सम्झौता’ का लागि तयार रहेको बताउनुभयो ।

“प्रतिनिधिमण्डल सम्भावित समाधान र सम्पर्कका विन्दुहरू खोज्न रचनात्मक दृष्टिकोणका लागि प्रतिबद्ध छ । युक्रेनी पक्षसँग प्रत्यक्ष वार्ताको लक्ष्य अन्ततः द्वन्द्वका मूल कारणहरू हटाएर दीर्घकालीन शान्ति स्थापना गर्नु हो”, उहाँले भन्नुभयो ।जेलेन्स्कीले बिहीबार अङ्कारामा टर्कीका राष्ट्रपति रेसेप तैयप एर्दोगानसँग भेटवार्ता गर्नुभएको थियो र रुससँग बिहीबार साँझ वार्ता सुरु हुने आशा व्यक्त गर्नुभएको थियो ।

बैठकपछि जेलेन्स्कीले रुसले ‘वास्तविक वार्तालाई धेरै गम्भीरताका साथ लिइरहेको छैन’ र उहाँले एर्दोगान र ट्रम्पका लागि ‘सम्मानका लागि’ उच्चस्तरीय प्रतिनिधिमण्डल पठाएको बताउनुभयो ।

### शान्तिबाट बच्नु

रुबियोले आफूले इस्तानबुलमा युक्रेनी विदेशमन्त्री आन्द्रियसिबिहासँगभेटगर्नेरतल्लो स्तरका अमेरिकी अधिकारीले रूसीहरूसँग भेट्ने बताउनुभयो ।

नियोजित वार्ताअघि बेलायती प्रधानमन्त्री किर स्टार्मरले शुक्रबार अल्बानियामा युरोपेली राजनीतिक समुदाय (इपिसी) को बैठकमा भाग लिन तयारी गर्दा पुटिनले ‘ शान्ति बेवास्ता गरेकामा मूल्य चुकाउनु पर्छ’ भन्नुभयो । युरोपेली सङ्घ (इयु) का सदस्यहरू र अन्य २० वटा देशलाई एकसाथ ल्याउने इपिसी सन् २०२२ मा फ्रान्सका राष्ट्रपति इमानुएल म्याक्रोनको पहलमा युक्रेनमा रुसले गरेको आक्रमणको प्रतिक्रियामा स्थापना भएको थियो ।स्टार्मर र म्याक्रोनसँग जर्मन चान्सलर फ्रेडरिक मेर्ज, नाटो प्रमुख मार्क रुटे र युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयन सामेल हुनुहुनेछ ।

किएभ र यसका युरोपेली सहयोगीहरूले कुनै पनि वार्ताअघि रुसलाई ३० दिनको युद्धविराममा सहमत हुन आह्वान गरेका थिए, तर मस्कोले प्रस्तावलाई अस्वीकार गर्‍यो ।

रुसले युक्रेनले युद्धको मैदानमा गुमाएको भन्दा बढी जमिन त्यागेर ठूलो क्षेत्रीय छुटहरू दिन चाहन्छ, र कहिलेकाहीँ जेलेन्स्कीलाई हटाउन, सैन्य तटस्थताको वाचा र युक्रेनको सेनामाथि सीमाहरू पनि माग गरेको छ । किएभ र पश्चिमले ती आह्वानहरूलाई अस्वीकार गर्छन् तर जेलेन्स्कीले युक्रेनले कूटनीतिक माध्यमबाट केही क्षेत्र फिर्ता लिन सक्ने कुरा स्वीकार गर्नुभएको छ ।

# ‘बजेट वितरण गर्दा मधेशलाई विभेद गरियो’



**टुडे समाचारदाता**

जनकपुरधाम । आम जनता पार्टी (आजपा) का अध्यक्ष प्रभु साहले नेपालको बजेट नेताहरूको निजी सम्पत्ति हो की नेपाली जनताको साझा सम्पत्ति हो भन्दै प्रश्न उठाएका छन् । सरकारले बजेट वितरण गर्दा तराई मधेशलाई विभेद गरेको उनको आरोप छ ।

प्रतिनिधिसभामा शुक्रबार बसेको बैठकमा आगामी आर्थिक वर्ष ०८२/०८३ का लागि विनियोजन विधेयकका सिद्धान्त र प्राथमिकताका सम्बन्धमा (कर प्रस्तावबाहेक)को छलफलमा आजपा अध्यक्षसमेत रहेका पूर्वमन्त्री साहले बजेटको वितरण समान रूपमा सबै प्रदेश, क्षेत्र एवं पालिकामा नभएको बताए । उनले हरेक आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने एवं मानव विकाश सूचकांकमा पछाडि परेको तराई मधेसमा सरकारले बजेट वितरण गर्दा विभेदपूर्ण तरिकाले गरेको बताए ।

१६५ वटा संसदीय क्षेत्र, प्रदेश, पालिका, वडाहरूमा समान बजेटको वितरण सरकारले नगरेको तथ्याङ्क पेस गर्दै यस्तो किन भएको भन्दै उनले प्रश्न गरे ।

अध्यक्ष साहले नेपालमा सात सय ५३ वटा पालिका रहेको बताउँदै १८ खर्बलाई सात सय ५३ ले भागा गर्ने हो भने एउटा पालिकामा २ सय ४९ करोड पर्ने बताए ।

उनले यदि एक वर्षमा यसरी विनियोजन बजेट पालिकामा जाने हो भने नेपालमा विकासको प्रवाह कसैले रोक्न नसक्ने बताए । तर एउटा वडा जहाँ २६ करोडको बजेट पुग्दैन तर मन्त्रीको वडामा २६ अर्बको बजेट गइरहेको उनले बताए । त्यसैले बजेटको समान वितरण हुनुपर्ने अर्थमन्त्री विष्णु पौडेलको विशेष ध्यानाकर्षण उनले गराए ।

# कर्मचारी निलम्बितपछि कार्यालयको कामकाज ठप्प

आर्थिक वर्षको उत्तरार्धमा भ्रष्टाचार मुद्दामा प्रमुख प्रशासकीय अधिकृत रामकिसुन यादवसहित इन्जिनियर, लेखा अधिकृत, योजना फाँटका अधिकृतसहित सात जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनीहरू गत बुधवारबाट स्वत: निलम्बनमा परेका छन् ।

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको डाकनेश्वरी नगरपालिकाका कर्मचारी निलम्बित भएपछि कार्यालय संचालनमा समस्या उत्पन्न भएको छ । आर्थिक वर्षको उत्तरार्धमा भ्रष्टाचार मुद्दामा प्रमुख प्रशासकीय अधिकृत रामकिसुन यादवसहित इन्जिनियर, लेखा अधिकृत, योजना फाँटका अधिकृतसहित सात जनाविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विशेष अदालतमा आरोप पत्र दायर गरेपछि उनीहरू गत बुधवारबाट स्वतः निलम्बनमा परेका छन् ।

मुख्य प्रशासनिक अधिकारी, प्राविधिक र लेखा तथा योजनाका कर्मचारीहरू एकै पटक निलम्बित भएपछि पालिका संचालनमा समस्या उत्पन्न भएको छ ।

एलइडी स्ट्रिट लाइट जडानमा भ्रष्टाचार गरेको भन्दै अख्तियारले गत बुधवार प्रमुख प्रशासकीय अधिकृत यादवसहित सात जना कर्मचारी र एउटा फर्म तथा तिनका संचालकविरुद्ध विशेष अदालतमा आरोप पत्र दायर गरेको जनाइएको छ ।



अधिकृत यादवसहित इन्जिनयरद्वय कुलानन्द विराजी र रमाकान्त चौधरी, सव-इन्जिनियर संजयकुमार यादव, योजना अधिकृत विनोदकुमार ठाकुर, लेखापाल अनिता परिवार, योजना शाखा मा कार्यरत सहायक पाचौं निकिता चौधरी, जिएस निर्माण सेवा र त्यसका प्रोप्राइटर विजयकुमार यादव समेतका उपर आरोप पत्र दायर गरेको छ ।

आर्थिक वर्ष ०७८/०७९ मा बजेट विनियोजन भई सो जडान कार्यको लागि ठेक्का दिएकोमा कमसल किसिमको स्टेट लाइट खरिद तथा जडान गरी फर्जी बिल भरपाई बनाई नगरपालिकामा पेश गरी विनियोजित पूरै रकम असार मसान्तसम्ममा भुक्तानी लिइदिइ हिनामिना गरेको आयोगले जनाएको छ ।

प्रमुख प्रशासकीय अधिकृतसहित प्रमुख फाँटका कर्मचारीहरू निलम्बनमा परेपछि अहिले प्रशासनका अधिकृत रमेश साहलाई निमित्त प्रमुख प्रशासकीय अधिकृत बनाइएको छ । उनलाई दैनिक कार्यालय संचालन गर्ने अधिकारमात्र रहेको छ ।

# कोदो र कुर्थी फलाउने किसानलाई अनुदान



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको हरिवन नगरपालिकाले कोदो र कुर्थी फलाउने किसानलाई अनुदान प्रदान गरेको छ । लोपोन्मुख तथा रैथाने बाली संरक्षण, संवर्द्धन तथा उपयोग अनुदान कार्यक्रम अन्तर्गत नगरभित्र कोदो र कुर्थी उत्पादन गर्ने ३८ जना किसानलाई पहिलो पटक अनुदान प्रदान गरिएको छ ।

हरिवन नगरपालिकाले रैथाने बाली अन्तर्गत पर्ने कोदो, आलस, कुर्थी र फापर फलाउने किसानलाई अनुदान प्रदान गर्ने कार्यपालिका बैठकबाटै निर्णय गरेको जनाइएको छ । नगर कार्यपालिकाले बनाएको कार्यविधिअनुसार नगरपालिकामा निवेदन दिएर कोदो र कुर्थी उत्पादन गर्ने किसानलाई यस वर्षबाट अनुदान दिन शुरु गरिएको हरिवन नगरपालिकाको कृषि शाखाका प्रमुख प्रविन तामाङले जानकारी दिए ।

तामाङले जनाए अनुसार कोदो उत्पादन गर्ने किसानलाई प्रतिक्विन्टल दुई हजार रुपैयाँ र कुर्थी उत्पादन गर्ने किसानलाई प्रतिक्विन्टल दुई हजार ५०० रुपैयाँ प्रदान गर्ने कार्यविधिमा उल्लेख गरिएको छ ।

सो वर्ष नगरको कार्यविधि पूरा गरेका ३८ जना किसानले उत्पादन गरेको ८६.६७ क्वीन्टल कोदो र १२.५ क्वीन्टल कुर्थीको अनुदान रकम प्रदान गरिएको छ । कोदो र कुर्थी फलाउने किसानलाई नगरपालिका कार्यालयमै बोलाएर मेयर रमेश बुढाथोकी (कमल), उपमेयर हरिमाया घलान र प्रमुख प्रशासकीय अधिकृत हेमराज फुँयालले अनुदान रकम हस्तान्तरण गरेका छन् ।

कृषि शाखाका प्रमुख तामाङले नगरभित्र केही किसानले आलस र फापर समेत उत्पादन गरे पनि उहाँहरुले मापदण्ड पुऱ्याउन नसकेकाले अनुदान रकम प्राप्त गर्न नसकेको बताए । रैथाने बाली लगाउने किसानलाई के-कसरी अनुदान लिन सकिन्छ भन्नेबारे प्रष्ट हुन हरिवन नगरपालिका कार्यालयले कृषि शाखाको सम्पर्कमा आउन अनुरोध गरे ।

रैथानी बालीको खेती विस्तार गरी उत्पादन वृद्धि गर्ने उद्देश्यले किसानलाई अनुदानको व्यवस्था गरिएको मेयर बुढाथोकीले बताए ।

# लखनउ तेश्रो जनकपुरधाम मेयरकप विजेता




**टुडे समाचारदाता**

जनकपुरधाम । तेस्रो जनकपुरधाम मेयरकप २०८२ भारतको लखनउ विजयी भएको छ ।

जनकपुरधाममा शुक्रबार निर्माणधिन रामजानकी बहुउद्देशिय क्रिकेट स्टेडियममा सम्पन्न भएको फाइनल खेलमा बारालाई ८ विकेटले पराजित गर्दै लखनउ टिमले उपाधि जितेको छ ।

लखनउ टिमले टस जितेर बारा टिमलाई ब्याटिंग गर्न आमन्त्रण गरे पछि बाराले निर्धारित २० ओभरमा ६ विकेट गुमाउदै १६८ रनको योगफल तयार गरेको थियो । बाराका लागि रवि साह ५४, आदिल अंसारी ५० , विवेक यादव २२ , पवन सर्राफ अविजित १६ , त्रित दास ९ र निरंजन यादव ७ रन जोडेका थिए । अरनिको यादव भने सुन्य रनमै आउट भए ।

लखनउका लागि सुभम यादव र मनिष सिंह २/२ तथा शैलेन्द सिंह र अस्मित मिश्रा १/१ विकेट लिन सफल भएका थिए । १६९ रनको विजयी लक्ष्य सहित व्याटिंग गर्न मैदानमा ओर्लेका लखनउ टिमले १७ ओभर ४ बल खेल्दै २ विकेटको क्षतिमा १७३ रन बनाउँदै लक्ष्य पूरा गरेका थिए । लखनउका लागि हर्षित यादव ९८, सुमित पाठक ५३ , अंकित सिंह अविजित १९ र सोमन महन्तीले २ रन जोड्न सकेका थिए ।

बाराका पवन सर्राफ र साहब आलम १/१ विकेट लिएका थिए ।

मेयर कप विजेता लखनउ टिमलाई दुई लाख रुपैयाँ नगद र ट्रफी तथा उपविजेता बारा टिमलाई एक लाख २५ हजार रुपैयाँ नगद तथा ट्रफि मुख्यमन्त्री सतीशकुमार सिंहले प्रदान गरे ।

# दलित किशोरी मृत्यु प्रकरणमा ८ जनाको पोलिग्राफ परीक्षण

**टुडे समाचारदाता**

राजविराज । सप्तरीमा करिब एक महिना अघि एक दलित किशोरीको मृत्यु प्रकरणमा आठ जनाको पोलिग्राफि परीक्षण हुँदा पनि सत्यतथ्य पत्तो लाग्न सकेको छैन ।

घरदेखि एक किलोमिटर टाढा पातपतिंगरले छोपिएको अवस्थामा मृत फेला परेकी दलित किशोरी सप्तरीकी मृत्युको कारण रहस्यमयी बन्दै गएको छ । गत वैशाख २ गते बिहान सुरुंगा नगरपालिका-७ की ती किशोरीको मृत शरीर तालिमप्राप्त कुकुर मगाएर अनुसन्धान शुरु गरिएको थियो ।

किशोरीको शंकास्पद मृत्यु भएपछि प्रहरीले अनुसन्धानका लागि केहीलाई नियन्त्रणमा लिएर छानबिन गरेको एक महिना वित्दासमेत मृत्युको कारण र संलग्नको पहिचान खुल्न सकेको छैन ।

सप्तरीका एसपी ढकेन्द्र खतिवडाले भने, ‘शंकास्पद आठ जनाको पोलिग्राफ परीक्षणसमेत गरायौं, तर पोलिग्राफ परीक्षणमा घटनामा संलग्नता खुलेन ।’



पातपतिङ्गरले छोपेको अवस्थामा फेला परेको थियो ।

साढे तीन वर्षअघि यौन हिंसामा परेकी ती किशोरी फेरि यौन हिंसामा पर्ने डरले विद्यालय समेत जान छाडेकी थिइन् । २०७८ साल मंसिर १४ गते उनीमाथि बलात्कारको प्रयास भएको थियो । किशोरीको मृत शरीर गत वैशाख २ गते घरदेखि एक किलोमिटर टाढा फेला परेपछि प्रदेश प्रहरी कार्यालय जनकपुरबाट शंकास्पद र परिवारकै केही सदस्यसमेत गरी आठजनाको पोलिग्राफ परीक्षण गरिएको उनको कथन छ ।

घरवाटै राति बेपत्ता भएकी किशोरीको शव बिहान फेला परेको थियो । हत्या भएको भन्दै उनकी आमाले इलाका प्रहरी कार्यालय कडरबोनामा ज्यानसम्बन्धी कसूरमा जाहेरी दिएकी छन् ।

# अनुगमन टोलीद्वारा निरीक्षण



**टुडे समाचारदाता**

रौतहट । रौतहटको बागमती नदीको स्थलगत निरीक्षण गरेको छ । अनुगमन टोलीले निरीक्षणको क्रममा गढीमाई नगरपालिकाको बलुवा घाटबाट अवैध नदी उत्खनन गर्दै गरेको एकथान जेसिबि नियन्त्रणमा लिएको छ ।

बागमती नदीबाट अवैध रुपमा नदीजन्य पदार्थ उत्खनन भइरहेको गुनासो बढेपछि रौतहटका सिडिओ विनोद कुमार खड्का, जिल्ला समन्वय समितिका सभापति रामअयोध्या प्रसाद यादव, नेपाल प्रहरीका एसपि नेत्र मणि गिरी, सशस्त्र प्रहरीका एसपि सन्तोष कुमार बस्नेत, राष्ट्रिय अनुसन्धानका एसपी अभिनय कुमार सिंह सम्मिलित टोलीले वृन्दावन नगरपालिकाको बागमती नदीको रमौली, विश्रामपुर, हरैया पल्टुवा, गढिमाई नगरपालिकाका समनपुर लगाएत विभिन्न घाटहरुमा नदीजन्य पदार्थको उत्खनन, निकासी तथा क्रसिङ हुने प्रमुख स्थानको स्थलगत अनुगमन गरेको थियो ।

क्रसर उद्योगमा राखिएको नदी जन्य पद्धार्थको स्रोत, त्यसको स्टक सहितका भ्याट हेर्न उनले निर्देशन दिएका थिए ।

जिल्लाको पूर्विभेग बागमती नदी र पश्चिममा लालबकैया नदीबाट नियमति ठेक्का नलागेपनी नदीजन्य पदार्थको अनियमित दोहन गरी उद्योगमा थुपार्ने र बढी मूल्यमा बिक्री गर्ने परिपाटी बढेको छ ।

जिल्ला समन्वय समितिको सभापतिमा नेपाली कांग्रेसका राम अयोध्या प्रसाद यादव निर्वाचित भए देखि नै जिल्लाको सम्पूर्ण नदीको दोहन बढेको छ । उनकै मिलीमतोमा नदी दोहन गरी जिल्लामा कैयौं क्रेसर उद्योग सञ्चालन रहेको कारण यहाँ प्रायः नदीहरूको अनुगमन ठप्प थियो ।

स्थानीय प्रशासनको पहलमा शुक्रबार यस आर्थिक वर्षमा पहिलो पटक अनुगमन गरी झारो टार्ने काम भएको जानकारहरुले बताएका थिए ।

# स्कुल बसको ठक्करबाट एकको मृत्यु, एक घाइते

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरी जिल्लाको छुटाछुट्टै ठाउँमा भएको सवारी दुर्घटनामा एक जनाको मृत्यु भएको छ भने एक गम्भिर घाइते भएको प्रहरीले जनाएको छ । जिल्लाको लोहारपट्टी नगरपालिकाको वडा नं. ७ मा बोर्डिङ स्कुलको बसको ठक्करबाट पिपरा गाउँपालिका ५ का सिकिन्द्र मण्डलका १८ वर्षीय छोरा सुमित कुमार मण्डलको मृत्यु भएको महोत्तरी प्रहरीले जनाएको छ ।

जनकपुरधामस्थितशारदाएकेडेमी बोर्डिङ स्कुलको अनटेष्ट बसले लोहारपट्टीमा विपरीत दिशाबाट आइरहेको बिआर३२एम८० ९ नम्बरको मोटरसाइकललाई ठक्कर दिएको थियो । मोटरसाइकलमा सवार सुमितलाई स्थानीयवासीहरुले प्रादेशिक अस्पताल जनकपुरमा उपचारका लागि पुऱ्याइएको थियो ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता प्रहरी नायव उपरिक्षक शैलेन्द्र कुमार भट्टले अस्पताल पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको बताए । यता जलेश्वर नगरपालिका- २ का जलेश्वर-जनकपुर सडकखण्डमा एक बसको ठक्करबाट पैदलयात्री महिला गम्भिर घाइते भएकी छन् । जलेश्वर नगरपालिका -१० सारीकी सञ्जु देवी ठाकुरलाई नम्बर खुल्न नसकेको बसले ठक्कर दिँदा उनी घाइते भएको जनाइएको छ ।

टाउकोमा चोट लागेको सञ्जु देवीलाई प्रारम्भिक उपचारपछि थप उपचारको लागि प्रादेशिक अस्पताल जनकपुर पठाइएको जानकारी दिए । थप अनुसन्धान भइरहेको महोत्तरी प्रहरीले जनाएको छ ।

**मानव बेचबिखनजन्य कार्यहरु**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जबरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव बेचबिखन मानिने कार्य हुन् ।

**यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ । त्यस्तो कार्य भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

**आवश्यकता**

जनकपुरधाममा संचालित अति सुविधा सम्पन्न होटल अंजनी सुइट प्रा.लि.का लागि तपसिल बमोजिमको कर्मचारीहरू आवश्यक परेको इच्छुक तथा योग्य उम्मेदवारहरुले ७ (सात) दिन भित्र आफ्नो बायोडाटा सहित सम्पर्क गर्नु हुन अनुरोध छ ।




| सि. नं. | पद | संख्या | शैक्षिक योग्यता |
|---|---|---|---|
| १ | मेनेजर | १ (एक) | स्नातक उत्तीर्ण गरी कम्प्युर सम्बन्धी ज्ञान भएको तथा अंग्रेजी बोल्न सक्ने |
| २ | रिसेप्शनिस्ट (महिला) | १ (एक) | |

नोट : अनुभवीलाई विशेष प्राथमिकता दिइनेछ ।
तलब सुविधा : आकर्षक

सम्पर्क नं. : ९८५४०२६०२५, ९८०११२७४९१
email: anjanisuite@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८